# अर्जुनधारा राजपत्र

## अर्जुनधारा नगरपालिकाद्वारा प्रकाशित

## खण्ड ८ ,संख्या ४ ,शनिश्चरे, फागनु १९, २०८१ साल


**भाग १**

**अर्जुनधारा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालयको सूचना**

अर्जुनधारा नगरपालिकाको नगर सभाको सोह्रौं नियमित अधिवेशनबाट पारित भएको तल लेखिए बमोजिमको कृषि तथा पशुपंक्षी ऐन, २०८२ सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### कृषि तथा पशुपन्छी ऐन, २०८१

स्वीकृत मितिः २०८१/११/११

**प्रस्तावनाः** नेपालको संविधान प्रदत्त किसान र समग्र नागरिकको खाद्यसम्बन्धी हकको सुनिश्चितता र किसानको सशक्तिकरण गर्दै कृषि प्रणालीमा सुशासन कायम गर्न; कृषिको दिगोपनाका लागि कृषि जमिनको सततः उपयोग गर्दै परम्परागत र पर्यावरणमैत्री कृषि प्रणालीको प्रवर्द्धन हुनेगरी कृषि प्रणालीको व्यावसायीकरण मार्फत खाद्यान्नमा आत्मनिर्भरता र किसानको आर्थिक अवस्था सुधार गरी समृद्धि हासिल गर्न र कृषि तथा पशुपन्छी पेशाका लागि कृषि प्रसार, सेवा, सामग्री, सिंचाइ र प्रविधि प्रभाकारी रुपमा उपलब्ध गराई कृषि उत्पादनको प्रशोधन, भण्डारण र बजारीकरण गरी कृषि उपजको उचित मूल्य र बजार पहुँचको सुनिश्चतताका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ बमोजिम अर्जुनधारा नगरपालिका को १६औं नगर सभाले यो ऐनको तर्जुमा गरेको छ ।

**परिच्छेद एक**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम अर्जुनधारा नगरपालिका को 'कृषि तथा पशुपन्छी ऐन, २०८१" रहेको छ।

(२) यो ऐन अर्जुनधारा नगरपालिका को स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट अर्जुनधारा नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) नगरपालिका" भन्नाले अर्जुनधारा नगरपालिका लाई सम्झनु पर्दछ।

(ख) “प्रमुख" भन्नाले नगर प्रमुख लाई सम्झनु पर्दछ।

(ग) "उपप्रमुख" भन्नाले नगर उपप्रमुख लाई सम्झनु पर्दछ ।

(घ) प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(ङ) वडा अध्यक्ष भन्नाले यस पालिकाका ११ वटै वडाका अध्यक्षलाई सम्झनु पर्दछ।

(च) आर्थिक समिति भन्नाले कार्यपालिकाले गठन गरेको बिषयगत समितिलाई सम्झनु पर्दछ ।

(छ) "शाखा" भन्नाले कृषि तथा पशुपंक्षी शाखालाई सम्झनु पर्दछ ।

(ज) "करार खेती" भन्नाले किसानले जमिन लिज वा भाडामा लिई गरिने कृषि कार्य सम्झनु पर्छ र सो शब्दले कृषि व्यावसायी र कृषकबीच करारनामा गरी गरिने कृषि उत्पादन र खरिद विक्री गर्ने कार्यलाई समेत जनाउँछ ।

(झ) "कृषक" भन्नाले यस ऐनको प्रयोजनका लागि कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई सोबाटै जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत रुपमा कृषि औजार निर्माण गर्ने नागरिकलाई समेत जनाउँछ।

(ञ) "कृषियोग्य भूमि" भन्नाले कृषि प्रयोजनको लागि प्रयोग हुने, कृषिजन्य उत्पादन गर्ने वा प्रचलित कानून बमोजिम कृषि कार्यको लागि निर्धारण गरिएको भूमि सम्झनु पर्छ।

(ट) कृषि कार्य" भन्नाले दफा १५ मा उल्लेख भए बमोजिमका विषयसँग सम्वन्धित कार्य सम्झनु पर्छ र सो शब्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ ।

(ठ) कृषि फर्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि दफा १५ बमोजिमका उपभोग्य कृषि वस्तु उत्पादनका लागि सञ्चालन गरिएको कृषि फर्मलाई जनाउँदछ ।

(ड) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु र कृषि औजारलाई जनाउँदछ र शब्दले कृषि उपज समेतलाई जनाउँदछ।

(ढ) "कृषि पेशा" भन्नाले खेती तथा पशुपन्छी पालन कार्य गरी कृषि वस्तु उत्पादन गर्ने पेशालाई जनाउँदछ ।

(ण) "कृषि व्यवसाय" भन्नाले व्यावसायिक उद्देश्यले गरिने दफा २८ बमोजिमका व्यवसायहरुलाई जनाउँदछ।

(त) 'कृषि बजार" भन्नाले विभिन्न माध्यमबाट कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजारलाई जनाउँदछ।

(थ) 'कृषि व्यापारी" भन्नाले कृषि उपजको थोक तथा खुद्रा व्यापारीलाई जनाउँदछ।

(द) "खाद्य वस्तु" भन्नाले जैविक स्रोतबाट प्राप्त साँस्कृतिक रुपमा स्वीकार्य प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित मानव उपभोग्य पदार्थ सम्झनु पर्छ र सो शब्दले त्यस्तो पदार्थको तयारी, प्रशोधन वा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थलाई समेत जनाउँछ।

(ध) "खाद्य सम्प्रभुता" भन्नाले खाद्य उत्पादन तथा वितरण प्रणालीमा किसानले उपभोग वा अभ्यास गर्ने देहायको अधिकारलाई जनाउँदछः

(१) खाद्य सम्बन्धी नीति निर्माण प्रक्रियामा सहभागी हुने,

(२) खाद्य उत्पादन वा वितरण प्रणालीसँग सम्वन्धित कुनै पनि व्यवसाय रोज्ने,

(३) कृषियोग्य भूमि, श्रम, बीउ बीजन, प्रविधि, औजारको छनौट गर्ने,

(४) कृषि व्यवसायको विश्वव्यापीकरण वा व्यापारीकरणको प्रतिकूल प्रभाववाट मुक्त रहने।

(न) "खाद्य सुरक्षा" भन्नाले सक्रिय र स्वस्थ मानव जीवनयापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँचलाई जनाउँदछ ।

(प) खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने कार्यलाई जनाउँदछ ।

(फ) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई जनाउँदछ।

(ब) "निर्वाहमुखी कृषि" भन्नाले आफ्नो परिवारको लागि आवश्यक पर्ने कृषि उपज उत्पादन गर्ने कृषि कार्यलाई जनाउँदछ ।

(भ) पारिवारिक खेती" भन्नाले परिवारको लगानी र पारिवारिक श्रमको मात्र उपयोग गरेर गरिने कृषिलाई जनाउँदछ।

(म) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई जनाउँदछ ।

(य) "भूमिहीन" भन्नाले कृषि पेशामा आश्रित भई आफ्नो वा आफ्नो परिवारको नाममा नेपालभर दर्ता वा वेदर्ता जग्गा नभई यस अर्जुनधारा नगरपालिका मा तयार गरिएको अभिलेखमा भूमिहीनका रूपमा नाम समावेश भएको व्यक्तिलाई जनाउँदछ ।

र) संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले छोटो समयको लागि कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई जनाउँदछ।

ल). "हाट बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजारलाई जनाउँदछ ।

(व) भुमी बैक भन्नाले पालिकाले संञ्चालन गरेको बाँझो तथा जग्गा धनीको भुमी लिज वा करारमा लिन दिन स्थापना भएको कार्यलाई सम्झनु पर्दछ

(श) बिउ पँजी भन्नाले सरकारी गैर सरकारी संस्थाबाट प्राप्त पुँजी परिचालन तथा व्यवस्थापन गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ष) तोकिएको" वा "तोकिएको बमोजिम" भन्नाले यस ऐन अन्तर्गतको नियममा तोकिए वा तोकिएको बमोजिम सम्झनु पर्छ।

## परिच्छेद दुई

## किसान र कृषि सम्बन्धी मार्गनिर्देशक सिद्धान्त र नीतिहरु

३. किसान र कृषिसम्बन्धी मार्गनिर्देशक सिद्धान्तः यस अर्जुनधारा  नगरपालिकाले किसान र कृषि क्षेत्रका सम्बन्धमा देहाय बमोजिमका मार्गनिर्देशक सिद्धान्तहरुको अवलम्बन गर्नेछः

(क) यस नगरपालिकामा रहेका कृषि तथा खाद्य सम्बन्धी परम्परागत तथा पर्यावरणमैत्री नवीनतम ज्ञान, सीप तथा प्रथाजनित एवं सांस्कृतिक अभ्यास र पर्यावरणमैत्री कृषि प्रणालीको संरक्षण र प्रवर्द्धन गरिनेछ।

(ख) कृषि क्षेत्र तथा कृषि भूमिमा कृषक र भूमिहिन किसानहरुको समेत पहुँच र स्वामित्व सुनिश्चित गरी न्यायपूर्ण आर्थिक अवस्थाको सिर्जना गरिनेछ।

४. किसान र कृषि सम्बन्धी नीतिः

(१) यस नगरपालिकाको किसान तथा कृषिसम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा अवलम्बन गरिने नीति देहाय बमोजिम हुनेछः

क) किसानको कृषि तथा पशुपन्छी पालनसम्बन्धी रैथाने तथा परम्परागत ज्ञान र खाद्य संस्कृति, कृषिजन्य जैविक विविधता, पर्यावरणीय प्रणाली र प्राङ्गारिक एव दिगा कृषि विधिमा आधारित आत्मनिर्भर र खाद्य सम्प्रभुत्तालाई सम्मान गर्ने किसिमको दिगो कृषि प्रणालीलाई प्राथमिकता प्रदान गरिनेछ।

ख) कृषि क्षेत्रलाई यस नगरपालिकाले पहिचान गरी समग्र कृषकहरुको आर्थिक र सामाजिक विकासको लागि आवश्यक पर्ने सेवा र सुबिधा प्रदान गरिने छ।

(ग) किसान, कृषक समूह, पशुपालक समूह, कृषि सहकारी सस्था र कृषि तथा खाद्य उद्यमीहरुको सहकार्यमा कृषि भूमिको संरक्षण गर्दै र कृषि कार्यलाई एक सम्मानजनक पेशाको रुपमा आत्मसात् गराउनका लागि कृषि क्षेत्रको व्यावसायीकरण गरी उद्यमशीलता, रोजगारी, आय आर्जन, जीविकोपार्जन, समृद्धि र सामाजिक सुरक्षाका अवसरहरु सिर्जना गरिनेछ।

(घ) किसानलाई कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि आवश्यक पर्ने सबै किसिमका सेवा, सामग्री र प्रविधिमा सहज पहुँचका लागि आवश्यक पर्ने संस्थागत व्यवस्था र स्रोत साधनहरुको प्रवन्ध गरिनेछ ।

(ङ) कृषि सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन लगायतका समग्र निर्णय प्रक्रियामा अर्जुनधारा नगरपालिकाका सम्बन्धित प्रतिनिधि सहित किसान एवं कृषक समूह र यसका प्रतिनिधिमूलक संघ संस्था र सम्बद्ध नागरिक समाजको पूर्ण र प्रभावकारी सहभागिता प्रवर्द्धन गरिनेछ ।

(२) उपदफा (१) मा उल्लिखित नीतिहरुलाई आवश्यक संस्थागत व्यवस्था र आर्थिक एवं प्राविधिक लगायतका स्रोत साधनहरुको प्रवन्ध गरी क्रमशः कार्यान्वयन गर्दै जानुपर्नेछ।

## परिच्छेद तीन

## कृषि सम्बन्धी आधारभूत विवरण व्यवस्थापन

५. कृषि तथ्याङ्क सङ्कलनः

(१) नगरपालिकामा रहेका किसान र कृषिका बारेमा देहाय बमोजिमका विवरण सहितको तथ्याङ्क सङ्कलन गरी अभिलेखित गरिनेछः

(क) किसानहरुको वर्गीकरण अनुसारको परिवार सङ्ख्या र भूमिहिन किसानहरुको विवरण।

(ख) कृषक समूह, पशुपन्छीपालक समूह र कृषि सहकारी संस्थाहरुको विवरण र अवस्था ।

(ग) सिंचाइ सुविधा पुगेको वा नपुगेको सहित कृषियोग्य भूमिको विवरण र नक्शाङ्कन

(घ) रैथाने लगायतका मुख्य कृषि उपज, भण्डारण तथा प्रशोधन र बजारीकरण भइरहेका र हुन सक्ने कृषि उपजहरुको विवरण।

(ङ)नगदेवाली, तरकारी र फलफूल खेतिको उत्पादन र सोको बजारीकरणको अवस्था ।

(च) पशुपालन, पन्छी पालन र माछा पालनको अवस्था तथा विवरण र दुग्ध तथा माछा मासुजन्य उत्पादन र विक्री वितरणको अवस्था।

(छ) रैथाने, परम्परागत र सांस्कृतिक महत्वका खाद्य वस्तुहरुको उत्पादनको अवस्था ।

(ज) कृषिजन्य पूर्वाधार (सिंचाइ, शीत भण्डार, कृषिमिल तथा खाद्य प्रशोधन, ढुवानी वा कृषि सडक आदि) को अवस्था।

(झ) कृषि सेवा प्रदायक (कृषि तथा पशुपन्छी सेवा केन्द्र तथा शाखा, कृषि सामग्री र बीउ बीजन, मलखाद वा प्राङ्गारिक मल उत्पादनक र सोको वितरण, पशु स्वास्थ्य सेवा, कृषि बीमा, पशु बीमा, वातावरणमैत्री किटनाशक विषादी आदि) को अवस्था र यसमा किसानको पहुँचको अवस्था।

(ञ) कृषि सेवा प्रदायकहरुको नियमन तथा अनुगमन सम्बन्धी व्यवस्था र सोको कार्यान्वयनको अवस्था।

(ट) कृषि शिक्षा, कृषि प्रचार प्रसार र कृषि स्रोत व्यक्तिहरुको उपलब्धताको अवस्था।

(ठ) कौशि खेति करेसावारी खेति विस्तारको अवस्था।

(ड) अन्य आवश्यक र महत्वपूर्ण विवरणहरु ।

(२) उपदफा (१) बमोजिमका तथ्याङ्क सङ्कलनका लागि वैरिन्द्रनगर नगरपालिकाले कम्तिमा पाँच वर्षमा एक पटक र आवश्यकता अनुसार अन्य समयमा पनि कृषि तथा पशुपन्छी गणना गर्नु पर्नेछ।

६. कृषि तथ्याङ्कको विश्लेषण र प्रचार प्रसारः

(१) दफा ५ बमोजिमको तथ्याङ्क तथा विवरण तयारी, विश्लेषण र प्रकाशन गर्दा किसानहरुको समेत प्रतिनिधित्व, सहभागिता र सशक्तिकरण हुनेगरी सहभागितामूलक विधिको अवलम्बन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको अभिलेखलाई प्रत्येक तीन वर्षमा एक पटक र आवश्यक्ता अनुसार समय समयमा अद्यावधिक गर्न सकिनेछ।

(३) कृषि तथ्याङ्क सङ्कलन, विश्लेषण र अद्यावधिक गर्ने कार्यमा नेपाल सरकार र प्रदेश सरकारका कृषि तथा पशुपन्छी सम्बन्धी कार्यालय, कृषि सहकारी संस्था र कृषि उद्यमी तथा कृषि व्यावसायीको सहयोग लिन सकिनेछ ।

(४) नगरपालिकाले कृषि तथा किसानका सम्बन्धमा आवधिक योजना तर्जुमा गर्दा कृषि र पशुपन्छी सम्बन्धी उपलब्ध तथ्याङ्कलाई आधार मान्नु पर्नेछ।

(५) नगरपालिकाले उपलब्ध कृषि तथ्याङ्कको नियमित रुपमा प्रचार प्रसार गरी किसान र सम्बन्धित सरोकारवालाको सहज पहुँच हुने व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद चार

## किसान पहिचान, वर्गीकरण, संरक्षण र सशक्तिकरणसम्वन्धी व्यवस्था

७. किसानको पहिचानः

(१) नगरपालिकाले कृषि कार्यमा संलग्न किसानको तोकिए बमोजिम गणना गरी पहिचान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका किसानलाई दफा ८ बमोजिमको आधारमा वर्गीकरण गरी किसान परिचयपत्र प्रदान गर्नु पर्नेछ।

८. किसानको वर्गीकरणः

(१) नगरपालिकामा रहेका भूमिहिन किसान, सिमान्तकृत किसान, पारिवारिक खेतीको रुपमा निर्वाहमुखी कृषि कार्य गर्दै आएका साना किसान, मध्यम किसान र अन्य कृषि पेशा तथा व्यवसाय गर्दै आएका ठूला तथा व्यावसायिक किसानलाई जीविकोपार्जन र कृषि क्षेत्रको दिगो विकास हुनेगरी वर्गीकरण गरिनेछ।

(२) किसानको वर्गिकरण तथा सूचीकरण सम्बन्धी आधार र सूचक तोकिए बमोजिम हुनेछ।

(३) दफा ७ बमोजिम परिचयपत्र प्राप्त किसानलाई अर्जुनधारा नगरपालिका बाट अनुदान, बीमा, सहुलियत, सेवा तथा सुविधा प्रदान गर्न सकिनेछ।

९. कृषक समूह गठन र सञ्चालनः

(१) गाउँ वा टोलस्तरमा रहेका किसानले आफ्नो सामूहिक हित र क्षमता विकासका लागि निश्चित क्षेत्रका हरेक किसान परिवारबाट प्रतिनिधित्व हुनेगरी कृषक समूह वा पशुपालक समूह गठन र सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको कृषक समूह वा पशुपालक समूहलाई अर्जुनधारा नगरपालिका मा दर्ता गर्नु पर्नेछ र प्रत्येक दुई वर्षमा नवीकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भई सञ्चालनमा रहेका कृषक समूह वा पशुपालक समूहलाई नगरपालिकाले आवश्यक सेवा सुविधा प्राप्तिका लागि सहजीकरण गर्न र सिफारिस प्रदान गर्न सक्नेछ ।

(४) दर्ता भई दुई वर्षसम्म निष्कृय रहेका वा अनुदान रकम र अन्य सुविधा दुरुपयोग गर्ने कृषक समूह वा पशुपालक समूहलाई कार्यपालिकाको निर्णयबाट दर्ता खारेज गर्न सकिनेछ ।

तर यसरी दर्ता खारेज गर्नुपूर्व सात दिनको समय दिई सुनुवाईका मौका दिइनेछ ।

(५) कृषक समूह दर्ता, नविकरण, खारेजी तथा समूह सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. कृषि तथा पशुपन्छी सहकारी सस्थाः कृषि तथा पशुपन्छी सहकारी संस्थाको दर्ता, सञ्चालन र नियमन सम्बन्धी व्यवस्था नगरपालिकाको सहकारी सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

११. किसानको संरक्षण र सशक्तिकरणः

(१) नगरपालिका क्षेत्रभित्रका सबै किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणका लागि वार्षिक र आवधिक रुपमा योजना र कार्यक्रम तर्जुमा गरी सम्बन्धित किसान वा कृषक समूह वा यस्ता समूहका सञ्जाल वा कृषि सहकारी संस्था वा कृषि फर्म र कृषि सम्बन्धी लघु उद्यम तथा घरेलु उद्योग मार्फत कार्यान्वयन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका योजना तथा कार्यक्रम तर्जुमा गर्दा गरिब तथा विपन्न, भूमिहीन, सिमान्तकृत र साना किसान, कृषि श्रमिक, कृषि कार्यमा संलग्न महिला, आदिवासी जनजाती र दलित किसानका आवश्यकतालाई विशेष प्राथमिकता प्रदान गर्नु पर्नेछ।

(३) किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणका लागि उपलब्ध स्रोत साधन र क्षमताका आधारमा देहाय बमोजिमका कृयाकलाप सञ्चालन गरिनेछः

(क) भूमिहिन किसान तथा सिमान्तकृत किसानलाई आफै कृषि कार्य नगर्ने व्याक्तिका जग्गा जमिन वा नेपाल सरकार, प्रदेश सरकार तथा अर्जुनधारा नगरपालिका र अन्य कुनै संघ संस्थाले उपलब्ध गराएका तथा प्रयोग गर्न दिएका जग्गा निश्चत् अवधीका लागि सम्झौता गरी भाडामा लिई कृषि कार्य गर्न पाउने अवस्था सृजना गर्न सहजीकरण गर्ने।

(ख) अधिया वा बटैया खेति प्रणालीको अनुगमन र नियमन गर्ने।

(ग) कृषि श्रमिकले कृषि कार्य गरे वापत पाउने पारिश्रमिक र सेवा सुविधा निर्धारण गरी दैनिक रुपमा पारिश्रमिक पाउने कुराको सुनिश्चतता गर्ने।

(घ) कृषि प्रसार, सेवा, सामग्री र प्रविधिमा किसानको पहुँच सुनिश्चतताका लागि आवश्यक पर्ने क्षमता विकासका कार्यक्रम नियिमत रुपमा सञ्चालन गर्ने।

(ङ) कृषिसम्बन्धी क्षमता विकासका कार्यक्रममा भूमिहिन र सिमान्तकृत किसान, गरिब तथा विपन्न किसान, कृषि श्रमिक, महिला किसान र कृषि कार्यमा आश्रित आदिवासी जनजाति, दलित परिवार, अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई प्राथमिकता प्रदान गर्ने।

(च) किसान तथा कृषक समूहले पाउने सेवा, सुविधा, वस्तु, प्रविधि, छुट, सहुलियत, अनुदान आदि वास्तविक किसानले समयमा नै पाउने किसिमको संस्थागत प्रवन्ध गर्ने।

(छ) किसानका कृषि तथा खाद्य उत्पादन र पशुपन्छीजन्य उत्पादनहरुको उचित बजारमूल्य पाउने गरी कृषिजन्य उत्पादनको बजार सूचना प्रणाली बनाई सूचना प्रवाह र प्रचार प्रसार गर्ने।

(ज) किसानहरुलाई सङ्गठित हुने अवसर सिर्जना गर्नका लागि कृषक समूह, पशुपालक समूह तथा कृषि सहकारी संस्था गठन र दर्ता एवम् नवीकरण प्रकृया सरल बनाई सहजीकरण गर्ने र कृषि कार्यक्रमहरु कृषक समूह मार्फत सञ्चालन गर्न प्राथमिकता प्रदान गर्ने।

(झ) सामुहिक खेती गरी कृषि उत्पादन बढाउनका लागि अतिरिक्त सेवा सुविधा प्रदान गर्ने।

(ञ) नगरपालिकालाई कृषि उपज, दुग्ध पदार्थ र मासुजन्य उत्पादन तथा खाद्य प्रशोधनमा अत्मनिर्भर बनाई बाह्य क्षेत्रमा समेत आपूर्ति गर्नमा सक्षम बनाउने।

(ट) किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणमा निरन्तर योगदान गर्ने र व्याक्तिगत उत्पादन समेत बढाउने किसान लगायतका व्याक्ति वा संप संस्थालाई पारदर्शी र निष्पक्ष मूल्याकनका आधारमा सम्मानित वा पुरस्कृत गर्ने प्रणाली स्थापना गर्ने।

## परिच्छेद पाँच

## कृषियोग्य जमिनको वर्गीकरण, संरक्षण र उपयोग सम्बन्धी व्यवस्था

१२ भूमिको वर्गीकरणः

(१) नगरपालिकाले नेपाल सरकारको भू-उपयोग ऐन २०७६ समेतलाई आधार मानी भू-बनोट, क्षमता, उपयुक्तता, मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा कृषि भूमिको संरक्षण र सदपयोग हुनेगरी आफ्नो क्षेत्रभित्रको भूमिलाई सामान्य नक्शाङ्कन सहित देहाय बमोजिमको भू-उपयोग क्षेत्रमा वर्गीकरण गर्नेछ । नगरपालिकाले सम्भावित क्षेत्रलाइ भुमिको कार्यन्वयन गरि कार्यन्वयन गर्न सकिनेछ।

(क) कृषि भूमि

(ख) आवासीय क्षेत्र

(ग) व्यावसायिक क्षेत्र

(प) औद्योगिक क्षेत्र

(ङ) खानी तथा खनिज क्षेत्र

(च) वन क्षेत्र

(छ) पानी मुहान, नदीनाला र ताल तलैया, सीमसार क्षेत्र

(ज) सामुदायिक, सार्वजनिक उपयोग र खुला तथा चरण क्षेत्र

(झ) सांस्कृतिक र पुरातात्विक महत्वको क्षेत्र

(अ) निर्माण सामग्री उत्खनन क्षेत्र (ढुङ्गा, बालुवा, गिट्टी)

(२) उपदफा (१) बमोजिम गरिएको भूमिको वर्गीकरणलाई सम्बन्धित क्षेत्र स्पष्ट हुनेगरी सो को विवरण स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ र सोको सूचना सार्वजनिक रुपमा कार्यपालिकाको कार्यालयमा र प्रत्येक वडा कार्यालयले समेत प्रकाशन गर्नुपर्नेछ ।

(३) भूमिको वर्गीकरण र भू-उपयोगका बारेमा अर्जुनधारा नगरपालिका ले आफ्ने क्षेत्रभित्र सबैको जानकारीका लागि विभिन्न सञ्चार माध्यमबाट समेत प्रचार-प्रसार गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम जुन प्रयोजनका लागि भूमिको वर्गीकरण गरिएको छ, सोही प्रयोजनका लागि उपयोग गर्नुपर्नेछ र कृषि भूमि व्यवस्थापन समिति वा स्थानीय भू-उपयोग परिषद् गठन भएको अवस्थामा उक्त परिषद्को अनुमति नलिई कृषि भूमिलाई अन्य प्रयोजनका लागि उपयोग गर्न पाइने छैन।

१३. कृषि तथा पशुपन्छि प्रवर्द्धन व्यवस्थापन समितिः

(१) नगरपालिका क्षेत्रभित्र रहेको कृषियोग्य जमिनको संरक्षण र व्यवस्थापन गर्दै दिगो कृषि विकासका लागि योजना तर्जुमा र कार्यान्वयन गर्न देहाय बमोजिमको एक कृषि भूमि व्यवस्थापन समिति रहनेछ।

(क) प्रमुख - अध्यक्ष

(ख) उप-प्रमुख उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगरपालिकास्तरीय आर्थिक विकास समितिका संयोजक सदस्य - सदस्य

(ङ) नगरपालिकास्तरीय कृषक समूहहरु मध्यबाट अध्यक्ष वा प्रतिनिधि १ महिला सहित २ जना - सदस्य

(च) कृषिसम्बन्धी स्थानीय विज्ञहरुमध्येबाट कार्यपालिकाले मनोनयन गरेको प्रतिनिधि - सदस्य
(छ) कृषि सहकारी संस्थाहरु मध्यबाट समितीले मनोनित गरेको प्रतिनिधि १ महिला सहित २ जना - सदस्य
(ज) उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधी १ जना —सदस्य
(झ) कृषि तथा पशुजन्य उपज व्यवसायीहरु मध्यबाट १ जना - सदस्य
(ञ) यस समितिले मनोनित गरेको कृषि उद्यमीबाट १ जना - सदस्य
(ट) नगरपालिकाको कृषि तथा पशुपन्छी सेवासम्बन्धी विषय हेर्ने प्रमुख वा अधिकृत - सदस्य सचिव
(२) समितिले कृषि सम्बन्धी विज्ञ तथा अन्य सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधिलाई आफ्नो बैठकमा आमन्त्रण गर्न र राय सुझाव लिन सक्नेछ ।
(३) समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा आयोजना गर्नुपर्नेछ र आवश्यकता अनुसार विभिन्न समयमा बैठक आयोजना गर्न सकिनेछ ।
(४) समितिको बैठक सम्बन्धी कार्यविधि समित्ति आफैले निर्धारण गरे बमोजिम हुनेछ
(५) समितिको सचिवालय नगरपालिकाको कृषि तथा पशुपन्छी सेवा शाखामा रहनेछ।
(६) गाँउपालिका कृषि, भूमी समितिलाई काममा प्रभावकारी रुपमा सहयोग पुर्याउनका लागि वडा तहमा तपसिलमा उल्लेखीत व्यक्तिहरु रहने वडा स्तरीय कृषि भूमी समिति गठन गरि कामलाई सरल र चुस्त बनाइने छ।
क) सम्वन्धित वडाका वडा अध्यक्ष संयोजक
ख) सम्वन्धित वडाका वडा सदस्य मध्यबाट १ महिला सहित २ जना सदस्य
ग) वडा भित्र कार्यरत कृषि सहकारीहरु मध्ये १ जना सदस्य
प) वडा भित्र कार्यरत कृषक समुहहरु माध्यबाट प्रतिनिधी १ जना सदस्य
ङ) कृषि तथा पशुपंक्षी फर्म मध्यबाट १ जना सदस्य
झ) कृषि तथा पशु सेवा केन्द्र प्रमुख वा वडा सचिव - सदस्य सचिव
१४. कृषि भूमि व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः
कृषि भूमि व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
(क) नगरपालिका क्षेत्रभित्र किसान, कृषि भूमि, कृषि सेवा, पशुपन्छी सेवा, कृषि पूर्वाधार लगायतका विषयको वस्तुस्थिति सङ्कलन र अभिलेख तयार गरी कृषि तथ्याङ्क प्रकाशन गर्ने।
(ख) नगरपालिका क्षेत्रभित्र रहेको कृषियोग्य जमिनको दिगो व्यवस्थापन र सदुपयोगको लागि किसानको समेत सहभागितामा कृषि सम्बन्धी योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्यिवन गर्ने गराउने।
(ग) नेपाल सरकार र प्रदेश सरकारबाट लागू गरिएका नीति तथा कानून कार्यान्वयनमा सहकार्य गर्ने र उक्त तहबाट अनुदान प्राप्त हुन आएका कृषि कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वियन गर्ने, गराउने।

(प) कृषियोग्य भूमिको खण्डीकरण हुनबाट रोक्न र कृषियोग्य जमिनको चक्लाबन्दी गरी कृषि उत्पादन बढाउन चाहने किसान परिवारलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउने र यस प्रयोजनका लागि अनुदान उपलब्ध गराउन सहजीकरण गर्ने।

(ङ) कृषियोग्य जमिनमा कृषि उत्पादन गर्न, किसानका लागि आवश्यक सेवा सुविधा उपलब्ध गराउन र कृषि तथा खाद्य उत्पादनको बजारीकरणका लागि आवश्यक पर्ने विभिन्न कृषि पूर्वाधार निर्माणको लागि योजना तर्जुमा गरी विभिन्न तह र सम्बन्धित निकायमा सिफारिस तथा परामर्श प्रदान गर्ने।

(च) वन क्षेत्र बाहेक अन्य प्रयोजनमा रहेको जग्गालाई आवश्यकता अनुसार कृषियोग्य जमिनमा परिणत गर्नको लागि स्थानीय भूउपयोग परिषदमा सिफारिस गर्ने।

(छ) किसानको क्षमता विकास, हकहित संरक्षण र कृषि क्षेत्रबाट समृद्धिका लागि किसानसम्बद्ध नागरिक समाज र संघ संस्था तथा निजी क्षेत्रसँग समेत समन्वय तथा सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(ज) खाद्यका लागि कृषि र तुलनात्मक लाभका कृषिउपजको व्यावसायिक उत्पादन बडाउन आवश्यक अध्ययन, अनुसन्धान, जनशक्ति निर्माण र प्रसार सेवालाई प्रभावकारी बनाउने ।

(झ) भूमिहीन र सिमान्त तथा साना किसानको कृषि भूमिमा पहुँच अभिवृद्धि गर्न अन्य आवश्यक कार्य गर्न गराउनमा सहजीकरण गर्ने।

१५. कृषि कार्यः यस ऐनको प्रयोजनका लागि देहाय बमोजिमका कार्यलाई कृषि कार्यको रुपमा लिइनेछः

(क) स्थानीय तथा रैथाने लगायतका विभिन्न अन्नवाली सहितका खाद्यान्न बालीको उत्पादन ।

(ख) फलफूल, तरकारी, दलहन, तेलहन, चिया कफी तथा मसलाजन्य बस्तु, च्याउ लगायतका नगदेवालीको खेती।

(ग) रैथाने लगायत विभिन्न पशु, पन्छी, माछा तथा मौरी पालन।

(प) ऊखु, फूल, रेशम, अम्रिसो, आबियो, बेत, बाँस तथा रबरखेती।

(ङ) जडीबुटी खेति, पाँस उत्पादन र विरुवा उत्पादन तथा कृषि वन सञ्चालन।

(च) कृषि कार्यका लागि आवश्यक पर्ने दाना, मलखाद, जैविक विषादी, कृषि औजार आदिको उत्पादन ।

(छ) प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी जङ्गल र जलाशय खेती गरी उत्पादन गरिने अन्य उपभोग्य बस्तुहरु।

(ज) खण्ड (क) देखि (च) सम्म गरिएका कृषि कार्यबाट उत्पादित वस्तुहरुको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरण।

१६. कृषि भूमिको संरक्षणः

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र पहिचान भएका कृषि भूमिको संरक्षणका लागि देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्नेछः

(क) कृषि भूमिलाई कृषि बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्नमा निरुत्साहित गर्ने
(ख) कृषि भूमिको ऊर्वरता शक्ति घटाउने, माटोको गुणस्तर हास हुने, कृषि जैविक विविधता नष्ट हुने तथा मानव स्वास्थ्य, पशुपन्छी र जलचर
लगायतका प्राणीलाई गम्भीर असर गर्ने खालका रासायनिक मल वा विषादी प्रयोगलाई निरुत्साहित गर्ने।
(ग) प्राङ्गारिक मलको प्रयोग र पर्यावरणमैत्री कृषिलाई प्रवर्द्धन गरी जैविक कृषि उत्पादन बढाउन प्रोत्साहन गर्ने।
(घ) बहुवर्षिय र चक्रिय बाली लगाई भूमिको उत्पादकत्वमा वृद्धि ल्याउने सहयोग गर्ने।
(ङ) कृषि भूमिलाई बाढी पहिरो तथा नदी कटानबाट जोगाउन क्षयीकरण नियन्त्रण, पानीको उपयुक्त निकाश, तटबन्ध तथा गल्छी निर्माण, भिरालो जमिनमा गराखेति र आवश्यकता अनुसार कृषि वन प्रणाली अवलम्बन गर्नका लागि सहयोग र प्रोत्साहन गर्ने।
(च) कृषि जमिन क्षति हुनेगरी सञ्चालन गरिने विकास आयोजनालाई स्वीकृत बातावरणीय अध्ययन प्रतिवेदन अनुसारका कार्य गर्न लगाई क्षति भएको कृषि जमिनको पुनर्स्थापना गर्ने लगाउने।
(छ) कृषि कार्यका लागि जमिनको चक्लाबन्दी गराउन र कृषि जमिन बाझो नराखी नियमित रुपमा खेति गर्नका लागि प्रोत्साहन गर्ने ।
(ज) कृषि भूमि संरक्षणका लागि आवश्यक स्रोत साधन सहित आवधिक रुपमा बजेट विनियोजन गरी संरक्षणका कार्यक्रम सञ्चालन गर्ने।
(२) बाढी पहिरो लगायतका दैवी प्रकोपबाट कुनै किसानको कृषि भूमिको गुणस्तर हास भएमा वा कृषिभूमी क्षति भएमा उक्त कृषि भूमिको उकासका लागि सम्बन्धित किसानलाई अर्जुनधारा नगरपालिकाबाट प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सकिनेछ ।
१७. कृषियोग्य भूमिको उपयोगः
(१) कृषि भूमि व्यवस्थापन समितिले अर्जुनधारा नगरपालिका भित्रको कृषि योग्य जमिनलाई बाँझो नराखी निरन्तर खेती गर्न प्रोत्साहन गर्ने गरी आवश्यक उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरी कृषियोग्य जमिन बाँझो नरहने अवस्था सृजना गर्नेछ।
(२) आफ्नो कृषियोग्य भूमिमा जग्गावाला आफैले कृषि कार्य गर्न नसक्ने वा नगर्ने व्यक्तिले व्यक्तिले सो को जानकारी सम्बन्धित वडा कार्यालयलाई गराउनु पर्नेछ ।
(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त हुन आएमा जग्गावालाको भूस्वामित्वमा कुनै असर नपर्ने गरी उक्त जग्गालाई सम्बन्धित वडा कार्यालयले भाडामा लिई भूमिहीन किसान, सिमान्त किसान, कृषि श्रमिक, कृषक समूह वा अन्य पौरखी किसानबाट
समेत खेती गराई खेतीयोग्य जमिन बाँझो नराखी कृषि उत्पादन बढाउन आवश्यक व्यवस्था वा प्रवन्ध गर्न सक्नेछ।
(४) कृषियोग्य जमिन भएका व्यक्ति तथा परिवारले करार गरी आफ्नो जमिन अन्य किसान परिवार, व्यक्ति, कृषक समूह तथा संस्थालाई भाडामा दिंदा लिन पाउने भाडादर सम्बन्धित वडा अध्यक्ष र कृषि भूमि व्यवस्थापन समितिको सिफारिसमा अर्जुनधारा नगरपालिका ले निर्धारण गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम निर्धारण गरिएको जग्गाको भाडादरसम्बन्धी सूचना कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ।

(६) उपदफा (४) बमोजिम भाडादर निर्धारण गर्दा जग्गाको ऊर्वरा शक्ति, सिंचाइ सुविधा तथा सम्बन्धित जग्गाको पहुँचमा रहेका कृषि पूर्वाधार र सुविधा समेतको आधारमा निर्धारण गर्नुपर्नेछ र यस्तो भाडादर कृषि जमिनको सुविधा अनुसार फरक हुन सक्नेछ ।

१८. करार खेति सम्बन्धी व्यवस्थाः

(१) कृषियोग्य जमिनमा आफैं खेती गर्न नसक्ने जग्गा धनीले त्यस्तो जमिन दफा १७बमोजिम निर्धारित भाडा दरमा करार खेती गर्न इच्छुक कृषक वा कृषक समूहलाई खेती गरी कृषि उत्पादन गर्न वा पशुपन्छी तथा जलचर पालनका लागि करारमा उपलब्ध गराउन सक्नेछ ।

(२) करारमा जग्गा उपलब्ध गराउन ईच्छुक जग्गाधनीले अर्जुनधारा नगरपालिका मा आफ्नो कृषि भूमिको विवरण अभिलेखित गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अभिलेखित गराएको जमिनलाई कृषि उत्पादनका लागि उपयोग गर्न चाहने भूमिहीन किसान, दलित किसान, सिमान्त तथा साना किसान, महिला किसान तथा यस्ता किसानको कृषक समूहलाई करार गरी भाडामा उपलब्ध गराउन कृषि भूमि व्यवस्थापन समितिले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ।

(४) कृषि भूमि व्यवस्थापन समितिले तय गरेको भाडादरसँग तालमेल हुनेगरी कृषियोग्य जमिन भाडामा लिनेदिने न्यूनतम् अवधि तथा त्यसका शर्तहरु जग्गा धनी र कृषकको आपसी सम्झौता बमोजिम हुनेछ।

(५) उपदफा (४) को प्रयोजनका लागि सम्झौताको आवश्यक ढाँचा तथा अन्य आवश्यक कागजात तयारीमा कृषि भूमि व्यवस्थापन समितिले सहजीकरण गर्न सक्नेछ।

(६) जग्गा भाडामा लिने कृषक वा कृषक समूहले त्यस्तो भाडामा लिएको जग्गामा हानी नोक्सानी पुयाउने तथा जमिनको कृषि उत्पादनशीलता घटाउने किसिमका
कार्यहरु गर्न गराउन पाइने छैन र भाडामा लिएको कृषि जमिनको प्रयोगमा कुनै परिवर्तन गर्नुपरेमा अग्गाधनीको स्वीकृति लिनुपर्नेछ।

(७) सरकारी निकाय वा सङ्घ संस्थाले भाडामा वा अन्य रुपमा कृषि कार्यका लागि किसानलाई उपलब्ध गराएको जमिन सम्बन्धित निकाय वा सङ्घ संस्थाको अनुमति नलिई कृषि कार्य बाहेक अन्य प्रयोजनका लागि उपयोग गर्न पाइने छैन।

(८) जग्गा भाडामा लिई करार खेति तथा व्यावसायिक खेतिगर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. सार्वजनिक कृषियोग्य भूमिको उपयोगः

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै उपयोगमा आउन नसकी खाली रहेको र कृषि प्रयोजनका लागि उपयुक्त रहेको सार्वजनिक जमिनलाई उक्त जमिनको स्वामित्व रहेको निकाय वा संस्था र किसानबीच न्यूनतम् भाडा लिनेदिने शर्तमा करार गरी कृषि प्रयोजनका लागि कृषक वा कृषि समूहलाई उपलब्ध गराउन समन्वय र सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कृषि जमिनको न्यूनतम भाडा दर निर्धारणका लागि कृषि भूमि व्यवस्थापन समितिले समन्वय गर्नु पर्नेछ।

२०. सामुहिक खेती

(१) नगरपालिका क्षेत्रभित्र कुनै कृषक समूह वा कृषि सहकारी संस्थाले भूमिहीन किसान र सिमान्त तथा साना किसानका लागि सामुहिक खेती गर्नेगरी जमिन उपलब्ध गराउन अनुरोध गरेमा कृषि भूमि व्यवस्थापन समितिले आवश्यक जमिनको खोजी गरी जमिन उपलब्ध गराउन सक्नेछ।

(२) समुहिक खेतिबाट प्राप्त लाभको बाँडफाँड उक्त खेतिमा संलग्न किसानको आपसी सम्झौता बमोजिम हुनेछ ।

(३) निजी जमिनलाई पूर्ण वा आंशिक रुपमा चक्लाबन्दी गरी सामुहिक खेती गर्न चाहने कृषक समूह, कृषि सहकारी संस्था वा अन्य कुनै सामुदायिक संस्थालाई आवश्यक पर्ने विद्युत, सिंचाइ र कृषि सडक सहित भण्डारण र आवश्यक औजार तथा उपकरणहरुमा समेत कार्यपालिकाको निर्णय बमोजिमका सुबिधाहरु प्रदान गर्न सकिनेछ ।

## परिच्छेद छ

## सिंचाइ, बीउ बीजन, मलखाद तथा किटनाशक विषादी सम्बन्धी व्यवस्था

२१. सिंचाइको प्रवन्ध गर्नेः

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका खेतीयोग्य कृषि भूमिमा सतह सिंचाइ, भूमिगत सिंचाइ वा लिफ्ट सिंचाइ वा अन्य प्रविधिको प्रयोग गरी आवश्यकता अनुसार सम्भावित क्षेत्रमा सिंचाइको प्रवन्ध गर्नेछ ।

(२) सिंचाइको सुविधा उपलब्ध नभएका खेतीयोग्य जमिनमा सिंचाइ सुविधाको प्रवन्ध गर्नका लागि अर्जुनधारा नगरपालिका को लगानी बाहेक थप स्रोत साधन आवश्यक पर्ने देखिएमा नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी सिंचाइ सेवाको प्रवन्ध गरिनेछ।

(३) सम्बन्धित निकाय र कृषक समूह वा सिंचाइ जल उपभोक्ता संस्थाबीचको साझेदारी वा संयुक्त व्यवस्थापनमा सिंचाइ प्रणालीको स्थापना र सञ्चालन गर्ने सकिनेछ र यस सम्बन्धी अन्य व्यवस्था साझेदारीपत्रमा उल्लेख भए बमोजिम हुनेछ।

(४) सतह सिंचाइ सञ्चालन हुन नसक्ने कृषि भूमिमा विद्युतबाट लिफ्ट सिंचाइ वा अन्य प्रविधि तथा सीप विकास गरी आकाशे पानी सङ्कलन गरी वा जमिनमुनिको पानी निकाली वैकल्पिक सिंचाईको व्यवस्था गर्न सिकनेछ।

(५) सिंचाइका लागि बिद्युतीय तथा सौर्य उर्जाको प्रयोगलाई प्रवर्द्धन गर्नुपर्नेछ।

(६) भूमिहीन किसान, सिमान्त तथा साना किसान, महिला किसान तथा कृषिमा निर्भर दलित किसानले लिफ्ट सिंचाइका लागि प्रयोग गर्ने कृषि मिटरमा उठेको वा अन्य विद्युत महशुल नेपाल सरकार बमोजिमले तोके बमोजिम अर्जुनधारा  नगरपालिकाले अनुदान स्वरूप उपलब्ध गराउन सक्नेछ।

(७) सिंचाइ प्रयोजनका लागि स्थापना गरिएका सौर्य उर्जा प्रणालीबाट उत्पादित विद्युतलाई नेपाल विद्युत प्राधिकरण वा अन्य कुनै निकाय वा सङ्घ संस्था वा व्याक्तिलाई विक्री गर्न सकिनेछ ।

२२. बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको उपलब्धताः

(१) नगरपालिकाले कृषिका लागि आवश्यक पर्ने बीउ बीजन स्थानीय स्तरमा नै उत्पादन गरी भण्डारण गर्नका लागि किसानलाई आवश्यक प्राविधिक सहयोग तथा सीप उपलब्ध गराउन र यसका लागि सम्भाव्यताका आधारमा रैथाने तथा उन्नत बीउ बीजन उत्पादन पकेट क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) नगरपालिकाले स्थानीय किसानको बीउ बीजन उत्पादन, भण्डारण र प्रयोगसम्बन्धी परम्परागत ज्ञानको अभिलेख गरी नेपाल सरकार तथा प्रदेश सरकारका औन बैंक र कृषक समूहका सामुदायिक बीउ बैंक समेतको समन्वयमा रैथाने उन्नत बीउ बीजन र सो सम्बन्धी परम्परागत ज्ञानको संरक्षण र सदुपयोगका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्नेछ।

(३) नगरपालिकाले कृषिका लागि आवश्यक पर्ने मलखाद आपूर्तिका लागि प्राङ्गारिक मल उत्पादन र उपयोग गर्नका साथै जैविक किटनाशक विषादीको उत्पादन र उपयोगमा प्राथमिकता दिनेगरी आवश्यक स्रोत साधन, प्रविधि र स्थानीय जनशक्तिको व्यवस्था गर्नेछ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यक पर्ने थप बीउ बीजन, मलखाद तथा किटनाशक वा रोगनाशक विषादी उत्पादन तथा आयात गरी वडा कार्यालय वा कृषि सहकारी तथा कृषक समूह मार्फत भण्डारण र वितरण गर्ने प्रवन्ध गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम उत्पादन तथा भण्डारण भएको बीउ बीजन, मलखाद तथा किटनाशक विषादी कृषकलाई वडा कार्यालयले आफै वा कृषि सहकारी संस्था वा सेवा प्रदायक मार्फत उपलब्ध गराउन सक्नेछ।

(६) मानव तथा पशुपन्छी र जलचरको स्वास्थ्यमा असर पार्ने र कृषि उत्पादनशीलतामा ह्रास ल्याउने खालका तथा मान्यताप्राप्त निकायबाट प्रमाणीकरण नगरिएका र प्रयोग नगर्नु नगराउनु भनी प्रतिबन्ध लगाइएका बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको प्रयोग गर्न गराउन पाइने छैन।

(७) किसानहरुमा रासायनिक मल तथा किटनाशक विषादीलाई निरुत्साहित गर्दै जैविक विषादी तथा प्राङ्गारिक खेती प्रविधिलाई प्रोत्साहन हुनेगरी वैरिन्द्रनगर नगरपालिकाबाट विभिन्न सेवा सुविधा र प्रविधि उपलब्ध गराउन सकिनेछ ।

(८) बीउ बीजनका लागि सेवा सुविधा, अनुदान र सहयोग उपलब्ध गराउँदा वा कार्यक्रम सञ्चालन गर्दा बालीजन्य बीउ बीजन र घाँस बाली गरी दुबै किसिमका बीउ बीजन उत्पादन र वितरणलाई महत्व दिनु पर्नेछ।

(९) नगरपालिकाले बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको अनाधिकृत तथा मनोमानी खरिद बिक्रीमा नियन्त्रण गर्नका लागि आवश्यक प्रविधिको समेत प्रयोग गरी नियमित रुपमा बजार अनुगमन गर्नेछ ।

(१०) उमारशक्ति नभएको वा फलफूल लाग्न नसक्ने किसिमको बीउ बीजन बिक्री वितरण गरेको कारण किसानलाई कुनै हानी नोक्नानी तथा क्षति हुन गएमा उक्त क्षति वापत त्यस्तो बीउ बीजन सप्लाई गर्ने व्यक्ति वा फर्मले प्रभावित किसानलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

२३. सामुदायिक बीउ बैंक स्थापना गर्न सकिनेः

(१) नगरपालिका क्षेत्रभित्र रहेका कृषक समूहले स्थानीय स्तरमा एकल वा सामूहिक रुपमा पर्यावरण र जलवायुमैत्री किसिमको कृषि सहकारी मार्फत सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न चाहने कृषक समूहलाई अर्जुनधारा नगरपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ र यसका लागि सम्बन्धित सङ्घ संस्था र बीउ बीजन व्यावसायीबाट समेत आवश्यक सहयोग लिन सकिनेछ ।

(३) सामुदायिक बीउ बैंकका माध्यमबाट रैथाने बीउ बीजनको पहिचान, अभिलेख तथा सूचीकरण, प्रचार प्रसार र प्रयोगका लागि उत्प्रेरणा प्रदान गर्नुका साथै स्थानीय किसानको रैथाने बीउ बीजनसम्बन्धी परम्परागत ज्ञान एवम् प्रथाजनित अभ्यासको अभिलेख तयार गरी राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अभिलेखको एकप्रति अर्जुनधारा नगरपालिका मा समेत अभिलेखका लागि उपलब्ध गराउनु पर्नेछ ।

(५) सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद सात

## कषिसम्बन्धी सूचना, प्राविधिक ज्ञान र सीप सम्बन्धी व्यवस्था

२४. कृषि सिकाई केन्द्र स्थापना गर्न सकिनेः

(१) नगरपालिकाले कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि बहा कार्यालयमा प्राविधि र प्राविधिक जनशक्ति सहितको कृषि सिकाइ केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) कृषि तथा पशुपन्छी विकास शाखाले कृषि सिकाई केन्द्रमार्फत किसानलाई कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि आवश्यक प्राविधिक सहयोग र प्रविधि तथा सूचना प्रवाह गर्नेछ।

(३) कृषि तथा पशुपन्छी क्षेत्रमा कार्य गर्न इच्छुक निकाय, सङ्घ संस्था र निजि क्षेत्रले सम्बन्धित वडा कार्यलयसँग अनिवार्य रुपमा समन्वय गर्न पर्नेछ ।

(४) नगरपालिकाले किसानलाई कृषि तथा पशुपन्छीसम्बन्धी आपतकालिन सहयोग तथा उद्धार कार्यका लागि नेपाल सरकार, प्रदेश सरकार र सरोकारवाला संघ संस्थासँग समेत समन्वय गरी स्रोत साधन र प्रविधि सहित आवश्यक सहयोग गर्न सक्नेछ।

२५. कृषिसम्बन्धी सूचनामा पहुँचः

(१) कृषि सम्बन्धी सूचनामा कृषकको सहज पहुँचका लागि अर्जुनधारा नगरपालिकाले कृषि सूचना केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(२) कृषि सूचना केन्द्रले कृषि विकास तथा पशुपन्छी र जलचर पालन तथा विक्री वितरणको लागि अर्जुनधारा नगरपालिका बाट तर्जुमा गरिएका योजना तथा कार्यक्रम र विनियोजित बजेटबारे प्रत्येक वडा र वडाले तोकेका टोलमा त्यस्तो योजना तथा कार्यक्रम पारित भएको मितिले बढीमा पन्ध्र दिनभित्र किसानले प्राप्त गर्न सक्ने सेवा सुविधाको विषयमा सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(३) कृषि तथा पशुपन्छी र जलचरसम्बन्धी कार्यक्रमका बारेमा किसानहरु बीच सहज रुपमा सूचना प्रवाहको लागि कृषि शाखामा कृषि सूचना अधिकारीको व्यवस्था गर्नु पर्नेछ र उक्त शाखाको प्रमुख नै कृषि सूचना अधिकारीको रुपमा रहने छन् ।

(४) कृषि सूचना केन्द्रले कृषि तथा पशुपन्छी र जलचरसम्बन्धी विषयमा किसानले पाउनु पर्ने सेवा सुविधासम्बन्धी आधारभूत सूचना र जानकारी स्थानीय टेलिभिजन, एफएम रेडियो र स्थानीय रुपमा प्रकाशित अनलाइन पत्रिका र सामाजिक सञ्जाल मार्फत प्रकाशन तथा प्रचार प्रसार गर्नुपर्नेछ ।

(५) नेपाल सरकार, प्रदेश सरकार र अर्जुनधारा नगरपालिका बाट किसानले पाउन सक्ने सेवा तथा सुविधाका बारेमा स्थानीय एफएम रेडियो वा अन्य उपयुक्त सञ्चार माध्यममा कृषि प्रसार कार्यक्रम प्रशारण गर्न सकिनेछ ।

(६) कृषिसम्बन्धी सूचनामा किसानको पहुँचका लागि प्रचार प्रसार गर्दा कृषक समूहका सञ्जाल मार्फत र स्थानीय मातृभाषामा प्रचार प्रसार गर्न प्राथमिकता दिनु पर्नेछ ।

(७) कृषि तथा पशुपन्छी सेवाको प्रचार प्रसारलाई प्रभावकारी बनाउन, कृषि तथा पशुपन्छीका लागि आकस्मिक सेवा प्रदान गर्न र कृषि क्षेत्र र पशुपन्छीलाई प्राकृतिक प्रकोप, जलवायुजन्य जोखिम र महामारीबाट बचाउनका लागि अर्जुनधारा नगरपालिका मा कल सेन्टरको स्थापना र सञ्चालनका साथै मौसम लगायतका विषयमा कृषि परामश सेवा तथा मोबाइल एप जस्ता आधुनिक प्रविधि र सूचना प्रणालीको उपयोग गर्न प्राथमकिता दिनु पर्नेछ।

२६. कृषिसम्बन्धी प्राविधिक ज्ञान तथा सीप वृद्धिः

(१) कृषि र पशुपन्छी तथा जलचर पालनलाई कृषकको जीविकोपार्जनका साथै व्यवसायिक रुपमा प्रवर्द्धन गर्नका लागि अर्जुनधारा  नगरपालिकाले आफै वा विभिन्न निकाय र परियोजनाको समन्वयमा प्रत्येक वडा कार्यालयमा कृषि तथा पशुपन्छी प्राविधिकको व्यवस्था गर्न सक्नेछ ।

(२) अर्जुनधारा नगरपालिका ले कृषकलाई सामुहिक रुपमा प्राविधिक ज्ञान र सीप विकासका लागि आफै वा सेवा प्रदायक संस्थाको माध्यमबाट समुदायस्तरमा नियमित रुपमा तालिम सञ्चालन गर्न सक्नेछ ।

(३) नगरपालिकाले कृषि विकास तथा पशुपन्छी र जलचर पालनका क्षेत्रमा उपलब्ध वातावरणमैत्री आधुनिक यन्त्रहरुमा किसानलाई सुपथ र सरल रुपमा पहुँब बढाई यान्त्रीकरण गर्न प्रोत्साहन गर्नेछ।

(४) प्रत्येक वडामा स्थानीय कृषक समूह, कृषि सहकारी संस्था वा स्थानीय कृषि फार्म वा वडा कार्यालय आफैले कम्तिमा एक वटा नमुना कृषि फार्म स्थापना र सञ्चालन गरी उक्त फार्ममार्फत किसानलाई आवश्यक तालिम सञ्चालन गर्न प्रोत्साहन गर्न सकिनेछ ।

(५) नगरपालिकाले कृषि मूल्य श्रृङ्खलामा आवद्ध कृषि व्यावसायी र कृषि उपज उत्पादक कृषकबीच स्वच्छ समन्वय र सहकार्य विकास गर्नेछ।

२७. कृषक पाठशाला, किसान चौतारी स्थापना गर्न सकिनेः

(१) नगरपालिकाले कृषकको लागि कृषि सम्बन्धी प्राविधिक ज्ञान, सीप र क्षमता विकासको निमित्त नगरपालिका स्तरमा कम्तिमा एउटा कृषक पाठशाला स्थापना गरी सञ्चालन गर्न सक्ने छ ।

(२) नगरपालिकाले कृषि तथा पशुपन्छी र जलचर पालन सम्बन्धमा कृषकले हासिल गरेका अनुभव र परम्परागत एवम् आधुनिक ज्ञान एक आपसमा आदान प्रदान गर्ने र नियमित रुपमा किसान सम्वाद आयोजना गर्ने उद्देश्यले गाउँ वा टोलस्तरमा किसान चौतारीको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(३) कृषक पाठशाला, किसान चौतारी, प्लान्ट क्लिनिक, माटो शिविर र कृषि सिकाई केन्द्रको क्षमता विकासका लागि कृषि ज्ञान केन्द्रबाट सहयोग लिन सकिनेछ ।

(४) नगरपालिकाले कृषक समूह र अन्य कृषि सरोकारवालासँगको समन्वयमा कृषकलाई उपयुक्त हुने स्थानमा कृषि संग्रहालय स्थापना गर्न सक्नेछ ।

(५) नगरपालिकाले किसानलाई उत्प्रेरित गर्न समय समयमा कृषि मेला तथा पशुपन्छी प्रदर्शनी मेला तथा कृषि र पशुपन्छी व्यापार मेलाको आयोजना गर्न सक्नेछ ।

(६) नगरपालिकाले स्थानीय स्तरमा रहेका कृषि स्रोत व्यक्तिहरुको अभिलेख राखी उनीहरुको सीप र क्षमताका आधारमा कृषि स्वयमसेवकको रुपमा कृषि विकासका लागि परिचालन गर्न सक्नेछ।

## परिच्छेद आठ

## कृषि व्यावसाय प्रवर्द्धनका लागि वित्तीय प्रोत्साहन सम्बन्धी व्यवस्था

२८कृषि व्यवसायको किसिमः नगरपालिका क्षेत्रभित्र व्यावसायिक उद्देश्यले गरिने देहाय बमोजिमका कार्यलाई कृषि व्यवसायको रुपमा लिइनेछः

(क) कृषि बाली वा बस्तुको उत्पादन,

(ख) कृषिजन्य वस्तुको प्रशोधन तथा विविधिकरण,

(ग) कृषि उपजको व्यापार,

(घ) कृषि उत्पादनका लागि प्रयोग हुने प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा
वितरण,

(ङ) कृषि उत्पादनको लागि प्रयोग हुने कृषि औजार, बीउ, बेर्ना, नश्ठ र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(च) कृषिमा प्रयोग हुने किटनाशक विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय,

(छ) पशु बधस्थल, मासुजन्य वस्तु विक्री वितरण।

२९. कृषि व्यवसायको प्रवर्द्धन गर्न सकिनेः कृषि, पशुपन्छी जलचर सम्बन्धी व्यावसाय प्रवर्द्धनका लागि नगरपालिकाले देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछः

(क) आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गर्ने,

(ख) आवश्यक ज्ञान, सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न आफै वा विभिन्न सेवा प्रदायक मार्फत प्रवर्द्धनात्मक कार्य गर्ने,

(ग) अनुदान उपलब्ध गराउने कार्यविधि तर्जामु गरी कार्यान्वयन गर्ने,

(प) कृषकलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन र कृषि ऋणको ब्याज अनुदान उपलब्ध गराउन वित्तीय संस्था र अन्य निकायमा सिफारिस गर्ने,

(ङ) उत्कृष्ट कृषि व्यावसायी किसान तथा कृषक समूह वा कृषि सहकारी संस्था छनौट गरी पुरस्कार तथा छुट सहुलियत प्रदान गर्ने,
(च) व्यवसाय प्रवर्द्धनमा सहयोगी हुने खालका रैथाने बीउ, प्रविधि एवम् ज्ञान संरक्षणका लागि स्रोत साधन र सहयोग उपलब्ध गराउने,
(छ) व्यवसाय प्रवर्द्धनका लागि उपलब्ध गराइएका सेवा, सुविधाको प्रयोग तथा सदुपयोग बारे अनुगमन र मूल्याङ्कन गरी अभिलेख राख्ने र आवश्यक परामर्श प्रदान गर्ने,
(ज) व्यवसाय प्रवर्द्धनका लागि निर्माण गरेका कृषि बजार, कृषिवस्तु सङ्कलन केन्द्र र अन्य कृषि पूर्वाधारको नियमित रुपमा मर्मत सम्भार र सञ्चालन गर्ने,
(झ) कृषि व्यवसाय प्रवर्द्धनका लागि नेपाल सरकार, प्रदेश सरकार, कृषिसम्बन्धी नागरिक समाज र व्यावसायिक क्षेत्रसँग नियमित रुपमा समन्वय र सहकार्य गर्ने।

३०. कृषि फर्म स्थापना र सञ्चालनः

(१) नगरपालिकाले कृषि तथा पशुपन्छी क्षेत्रको व्यावसायीकरणका लागि कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन गर्न चाहने किसान, कृषक समूह, पशुपालक समूह, कृषि सहकारी संस्था वा अन्य व्यावसायिक किसानलाई आवश्यक सहजीकरण गर्नेछ।
(२) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन गर्दा भूमिहिन किसान, सिमान्तकृत किसान, साना किसानको हितलाई ध्यान दिनु पर्नेछ र किसानको भूमिमाथिको अधिकारमा प्रभाव नपर्ने कुरा सुनिश्चत गर्नु पर्नेछ।
(३) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन गर्दा वातावरण संरक्षणसम्बन्धी प्रचलित कानूनले तोकेका वातावरणीय दायित्व पुरा गर्नुका साथै सामाजिक तथा साँस्कृतिक क्षेत्रमा नराकारात्मक प्रभाव पार्न पाइने छैन।
(४) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालनका लागि प्रचलित कानून बमोजिम उद्योग वा कम्पनीको रुपमा दर्ता हुनुपर्ने भए सम्बन्धित निकायमा दर्ता भई अर्जुनधारा नगरपालिकामा फर्मको व्यावसाय दर्ता गरेको हुनु पर्नेछ।
(५) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. कृषकलाई अनुदान र छुट सुविधा दिन सकिनेः

(१) नगरपालिकाले कृषि तथा पशुपन्छी र जलचर पालनमा संलग्न भूमिहीन किसान, सिमान्त किसान, साना किसान, महिला किसान र कृषिमा आश्रित दलित तथा आदिवासि जनजाति गरिव किसानलाई प्राथमिकता प्रदान गरी देहाय बमोजिमको कृषि अनुदान, छुट सुविधा र सहुलियत प्रदान गर्न सक्नेछः
(क) कृषि उपज र पशुपन्छी तथा जलचरमा स्थानीय कर शुल्कमा छुट,
(ख) कृषि तथा पशुपन्छी र जलचर पालन कार्यका लागि किसानलाई सिफारिस
विदा लाग्ने दस्तुर छुट,

(ग) व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पर्ने ढुवानी साधन, यान्त्रिक उपकरण, हाट बजार, संकलन केन्द्र र शित भण्डारण केन्द्र आदिका लागि
अनुदान,
(घ) परम्परागत कृषि औजार निर्माण गर्ने किसानलाई व्यवसाय वर्तामा छुट र सोको लागि अनुदान,
(५) कृषि कार्यका लागि महिलामैत्री यन्त्र, उपकरण र बजार व्यवस्थापनमा अनुदान,
(च) अन्य अत्यावश्यक अनुदान तथा सुविधाहरु।
(२) उपदफा (१) बमोजिमका छुट तथा अनुदान प्रदान गर्दा किसानको वर्गिकरण र कृषक परिचय पत्रलाई आधार मानी आर्थिक ऐनमा व्यवस्था गरी गर्नु पर्नेछ ।
(३) स्थानीय कृषि वस्तु तथा पशुपन्छीजन्य उत्पादनमा उल्लेखनीय योगदान गर्ने किसानलाई निश्चित् परिमाणको कृषि वस्तु तथा पशुपन्छी उत्पादन पश्चात् अनुदान प्रदान गर्नेगरी उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
३२. कृषि ऋणमा पहुँचः
(१) नगरपालिकाले कृषकलाई कृषि व्यवसाय प्रवर्द्धनको लागि लगानी गर्न व्याज अनुदान प्राप्त हुनेगरी बैंक तथा वित्तीय संस्थामा सिफारिस गर्न सक्नेछ,
(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा ध्यान दिनुपर्ने विषय र सिफारिसका आधारहरु बैंक तथा वित्तीय संस्थाले तोकिए बमोजिम हुनेछ।
(३) किसानलाई कृषि ऋण उपलब्ध गराउने प्रयोजनका लागि बैंक तथा वित्तिय संस्थाले सञ्चालन गरेका सुहलियत योजना बारे अर्जुनधारा नगरपालिकालाई पूर्वजानकारी गराउनु पर्नेछ।
३३. कृषि बाली तथा पशुपन्छी बीमाः
(१) नगरपालिकाले सम्बन्धित बीमक निकायको नियम अनुसार कृषकले कृषि बाली वा कृषि उपज तथा पशुपन्छी र जलचरको बीमा सहज रुपमा गर्न सक्ने अवस्था सिर्जना गर्नका लागि आवश्यक समन्वय गर्न सक्नेछ ।
(२) कृषि तथा पशुपन्छी बीमा गर्न नसक्ने गरिव तथा विपन्न र सिमान्त किसानका लागि कृषि तथा पशुपन्छी बीमा गर्न आवश्यक पर्ने रकम अर्जुनधारा नगरपालिका ले अनुदानको रुपमा उपलब्ध गराउन सक्नेछ ।
(३) बिमा कम्पनीले अर्जुनधारा नगरपालिकासँगको समन्वयमा बीमा कार्यका लागि प्रमाणपत्र प्राप्त गरेका अभिकर्ताको परिचालन गरी कृषि बाली तथा पशुपन्छी र जलचरको बीमा गर्ने कार्य गर्न सक्नेछ र यसरी बीमा कार्यक्रम सञ्चालन गर्दा बीमा विषयमा किसानले बुझ्नेगरी प्रचार प्रसारको व्यवस्था समेत मिलाउनु पर्नेछ ।
(४) कृषि तथा पशुपन्छी बीमाको अभिलेख बीमा कम्पनीले नगरपालिकालाई वार्षिक रुपमा उपलब्ध गराउनु पर्नेछ । अर्जुनधारा
(५) कृषक तथा बिमा कम्पनीबीच बिमा सम्बन्धी कुनै विषयमा विवाद उत्पन्न भएमा विवाद समाधानका लागि अर्जुनधारा नगरपालिकाले समन्वय तथा सहजीकरण गर्न सक्नेछ।

(६) कृषि तथा पशुपन्छी बीमा अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४.कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापनाः

(१) कृषि व्यवसाय प्रवर्द्धनका लागि नगरपालिकामा कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा देहाय बमोजिमका रकम जम्मा हुनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ख) बीरेन्द्रनगर नगरपालिकाबाट वार्षिक बजेटमार्फत विनियोजन भएको रकम,

(ग) नेपाल सरकारको अनुमतिमा विदेशी सरकार र अन्तराष्ट्रिय सङ्घ संस्थासँग सम्झौता गरी कृषि व्यावसाय प्रवर्द्धनका लागि उपलब्ध भएको रकम,

(घ) आर्थिक ऐन बमोजिम सङ्कलन गरिने कृषि सेवा शुल्कको तोकिय बमोजिम रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) कृषि व्यवसाय प्रवर्द्धन कोष सञ्चालनको लागि कार्यपालिकाले एक सञ्चालक समिति गठन गर्नेछ र कोष सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले तय गर्न सक्नेछ ।

३५.कोषको रकम उपयोग गर्न सकिने क्षेत्रहरूः

(१) कृषि व्यवसाय प्रवर्द्धन कोष सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम कोषको रकम देहाय बमोजिमका

## परिच्छेद नौ

## कृषि उत्पादनको वर्गीकरण, भण्डारण तथा प्रशोधन सम्बन्धी व्यवस्था

कृषि उत्पादनको वर्गीकरणः नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कृषि उत्पादनलाई देहाय बमोजिम हुनेगरी वर्गीकरण गर्नेछः

(क) अन्न बालीः सबै प्रकारका अन्न बालीहरु

(ख) तरकारी बाली च्याउ लगायत सबै प्रकारका तरकारी बालीहरु

(ग) फलफूल बालीः सबै प्रकारका फलफूलहरु

(घ) जरेबालीः तरुल, पिडालु, शखरखण्ड, कन्दमूल लगायतका बालीहरु

(ङ) तेलहनः सबै किसिमका तेलहन बालीहरु

(च) दलहनः सबै किसिमका दलहन बालीहरु

(छ) पशुजन्य उत्पादनः गाईगोरु, भैंसी, खसी, बाखा, वंगूर, भेडा लगायत सबै प्रकारका घरपालुवा पशुहरु

(ज) दुधजन्य उत्पादनः सबै प्रकारका दुधजन्य उत्पादनहरु

(झ) मासुजन्य उत्पादनः मासु खान हुने विभिन्न घरपालुवा पशुपन्छीको मासु

(ञ) पन्छीजन्य उत्पादनः मासु, अण्डा, बीउ तथा मलका लागि कुखुरा, हाँस लगायतका सबै प्रकारका घरपालुवा पन्छीहरु र रेशम खेतिका उत्पादनहरु

(२) माछापालनः मासु तथा बीउ उत्पादनका लागि सबै प्रकारका माछाहरु

(५) मौरी पालनः मह तथा मौरीघार

(५) फूल खेतीः अर्जुनधारा नगरपालिका क्षेत्रभित्र र बाहिर समेत आपूर्ति हुने सबै प्रकारका फूल (पुष्प) खेतीबाट उत्पादित फूलहरु

(ङ) मसलाजन्य उत्पादनः बीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र उत्पादन हुने सबै प्रकारका मसलाहरु

(ण) जडिबुटीः निजी जग्गा र वन क्षेत्रबाट उत्पादन तथा सङ्कलन हुने सबै प्रकारका जडिबुटीहरु

(त) काष्ठफलहरुः बदाम, ओखर लगायतका बालीहरु

(थ) नगदेवालीः चौया, कफी, अलैची, उँखु, जुट आदी

(द) नर्सरीका उत्पादनहरुः विभिन्न विधिबाट उत्पादिन सबै प्रकारका विरुवाहरु

(ङ) नगदेवाली, तरकारी र फलफूल खेतिको उत्पादन र सोको बजारीकरणको अवस्था ।

(च) पशुपालन, पन्छी पालन र माछा पालनको अवस्था तथा विवरण र दुग्ध तथा माछा मासुजन्य उत्पादन र विक्री वितरणको अवस्था ।

(छ) रैथाने, परम्परागत र सांस्कृतिक महत्वका खाद्य वस्तुहरुको उत्पादनको अवस्था ।

(ज) कृषिजन्य पूर्वाधार (सिंचाइ, शीत भण्डार, कृषिमिल तथा खाद्य प्रशोधन, दुवानी वा कृषि सडक आदि) को अवस्था।

झ) कृषि सेवा प्रदायक (कृषि तथा पशुपन्छी सेवा केन्द्र तथा शाखा, कृषि सामग्री र बीउ बीजन, मलखाद वा प्राङ्गारिक मल उत्पादनक र सोको वितरण, पशु स्वास्थ्य सेवा, कृषि बीमा, पशु बीमा, वातावरणमैत्री किटनाशक विषादी आदि) को अवस्था र यसमा किसानको पहुँचको अवस्था ।

(ञ) कृषि सेवा प्रदायकहरुको नियमन तथा अनुगमन सम्बन्धी व्यवस्था र सोको कार्यान्वयनको अवस्था।

(ट) कृषि शिक्षा, कृषि प्रचार प्रसार र कृषि स्रोत व्यक्तिहरुको उपलब्धताको अवस्था।

(ठ) कौशि खेति करेसावारी खेति विस्तारको अवस्था ।

(ड) अन्य आवश्यक र महत्वपूर्ण विवरणहरु ।

(२) उपदफा (१) बमोजिमका तथ्याङ्क सङ्कलनका लागि अर्जुनधारा नगरपालिकाले कम्तिमा पाँच वर्षमा एक पटक र आवश्यकता अनुसार अन्य समयमा पनि कृषि तथा पशुपन्छी गणना गर्नु पर्नेछ ।

६. कृषि तथ्याङ्कको विश्लेषण र प्रचार प्रसारः

(१) दफा ५ बमोजिमको तथ्याङ्क तथा विवरण तयारी, विश्लेषण र प्रकाशन गर्दा किसानहरुको समेत प्रतिनिधित्व, सहभागिता र सशक्तिकरण हुनेगरी सहभागितामूलक विधिको अवलम्बन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको अभिलेखलाई प्रत्येक तीन वर्षमा एक पटक र आवश्यक्ता अनुसार समय समयमा अद्यावधिक गर्न सकिनेछ ।

(३) कृषि तथ्याङ्क सङ्कलन, विश्लेषण र अद्यावधिक गर्ने कार्यमा नेपाल सरकार र प्रदेश सरकारका कृषि तथा पशुपन्छी सम्बन्धी कार्यालय, कृषि सहकारी संस्था र कषि उद्यमी तथा कषि व्यावसायीको सहयोग लिन सकिनेछ ।

३७. कषि उपजको भण्डारण र प्रशोधनः

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उपजको भण्डारण तथा प्रशोधनका लागि शीत भण्डार, चिस्यान केन्द्र, सङ्कलन केन्द्र, भण्डारण कक्ष, प्रशोधन केन्द्र लगायतका भौतिक पूर्वाधार निर्माण गरी किसानले सहुलियत दरमा उपयोग गर्न पाउने गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(२) उपदफा १ बमोजिमको पूर्वाधार निर्माण र सञ्चालनका लागि अर्जुनधारा नगरपालिकाले कृषि सहकारी सस्था वा कृषक समूहसँग संयुक्त लगानी वा व्यवस्थापन गर्न सक्नेछ।

(३) कृषि उपजको प्रशोधन तथा भण्डारण लगायतका पूर्वाधारको उपयोग बापत लाग्ने शुल्क कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादित कृषिजन्य कच्चा पदार्थको औधोगिक क्षेत्रमा निर्यात गर्नका लागि आवश्यक प्रबन्ध मिलाउन सक्नेछ ।

(५) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यकता र सम्भाव्यता अनुरुपको कृषि उत्पादन केन्द्रित प्रशोधन केन्द्रको स्थापना र सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ।

## परिच्छेद दश

## कृषि बजार प्रणाली व्यवस्थापन सम्बन्धी व्यवस्था

३८. कृषि बजार र कृषि उपज संकलन केन्द्रको स्थापनाः

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उत्पादन बिक्रीका लागि किसान र सरोकारवालासँगको परामर्शमा उपयुक्त स्थानहरुमा कृषि बजार वा कृषि उपज संकलन केन्द्रको स्थापना गरी आफै वा कृषक समूह तथा कृषि सहकारी संस्था मार्फत सञ्चालन गर्न सक्नेछ ।

(२) नगरपालिकामा दर्ता भएका कृषि सम्बन्धी सहकारी संस्था, कृषक समूह वा कृषि सम्बन्धी व्यवसायिक संस्थाले कार्यपालिकाको अनुमति लिइ कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछन् ।

(३) नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने कृषि बजारको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) थोक बजार

(ख) खुद्रा बजार

(ग) हाटबजार

(घ) कृषि सहकारी संस्था र कृषक समूहको संयुक्त हाटबजार

(ङ) कृषि उपज सङ्कलन केन्द्र।

(४) उपदफा (१) बमोजिमका बजार सञ्चालन र व्यवस्थापन वापत लाग्ने सेवाशुल्क आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

(५) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्रमा कृषि उपजको खरिद विक्री गर्दा अर्जुनधारा नगरपालिकाले निर्धारण गरेको न्यूनतम सर्मथम मूल्यमा मात्र खरिद बिक्री गर्नुपर्नेछ ।

(६) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्रको सञ्चालनसम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमाजिम हुनेछ।

(७) गरिब तथा विपन्न र सिमान्तकृत किसानले उत्पादन गरेका कृषि उपज बजारसम्म डुवानी गर्नका लागि अर्जुनधारा  नगरपालिकाले कृषि उपजमा ढुवानी अनुदान वा कृषि एम्बुलेन्स सेवा उपलब्ध गराउन सक्नेछ।

३९. कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिः

(१) नगरपालिका क्षेत्रभित्र स्थापना भएका कृषि बजार तथा कृषि उपज सङ्कलन केन्द्रको व्यवस्थापन र अनुगमनका लागि देहाय बमोजिमको कृषि बजार व्यवस्थापन तथा अनुगमन समिति गठन हुनेछः

(क) उपप्रमुख - संयोजक

(ख) बरिन्द्रनगर नगरपालिकाको कृषि विषय हेर्ने कार्यपालिका सदस्य सदस्य

(ग) कृषि शाखा प्रमुख - सदस्य

प. कृषि बजार तथा कृषि उपज सङ्कलन केन्द्र सञ्चालन गर्ने कृषि सहकारी वा कृषक समूह वा व्यावसायिक संस्थाको प्रतिनिधिमध्ये एक जना सदस्य

(ङ) अर्जुनधारा नगरपालिका को कृषि तथा पशु प्राविधिक सचिव -सदस्य

(च) सम्वन्धित वडा समितिको वडा अध्यक्ष एक जना -सदस्य

(२) समितिको बैठक र कृषि बजार तथा कृषि उपज सङ्कलन केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ।

४०. गुणस्तर निर्धारण प्रणाली अवलम्बन गर्न सकिनेः

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका किसानले गरेको कृषि उत्पादन प्राङ्गारिक खेति प्रणाली अवलम्बन गरी गुणस्तरीय रहेको छ भनी गुणस्तर प्रमाणीकरण गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर प्रमाणीकरण गर्दा सहभागितामूलक विधि अवलम्बन गर्नु पर्नेछ।

(३) प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४१. कृषि व्यापारीको दर्ता र नियमन व्यवस्थाः

(१) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्र भित्र व्यापार गर्न इच्छुक कृषि व्यापारी वा कृषि उपज व्यवसायी नगरपालिकामा दर्ता हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता हुनको लागि कृषि व्यापारी वा कृषि उपज व्यवसायीले देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछः

(क) व्यवसायीको नागरिकताको प्रतिलिप,

(ख) सम्बन्धित निकायमा भएको व्यवसाय दर्ता प्रमाणपत्र,

स्थायी लेखा नम्बर प्रमाणपत्र,

(प) कृषि बजार तथा कृषि उपज सङ्कलन केन्द्रभित्र सञ्चालन गर्न चाहेको कृषि व्यवसायको योजना।

(६) सम्वन्धित वडा कार्यालयको सिफारिस ।

(३) कृषि व्यापारी बा कृषि उपज व्यवसायीको दर्ता र नियमनसम्बन्धी अन्य व्यवस्था कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

४२. कृषि उपजको आयात निर्यातः
(१) कृषि शाखाले किसानहरुसँग जानकारी लिई नगरपालिका क्षेत्रभित्र उत्पादन भएका कृषि उपजको त्रैमासिक तथ्याङ्क र अभिलेख तयार गर्नु पर्नेछ।
(२) उपदफा (१) बमोजिम तयार गरिएको तथ्याङ्क तथा अभिलेखलाई कृषि शाखाले त्रैमासिक रुपमा कृषि बजार व्यवस्थापन तथा अनुगमन समिति र कार्यपालिकामा पेश गरी सार्वजनिक गर्नुपर्नेछ।
(३) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले नगरपालिका क्षेत्रभित्र खपत नभई बचत हुन सक्ने कृषि उपजलाई अन्यत्र निकासीका लागि आवश्यक प्रवन्ध गर्न सक्नेछ ।
(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले नगरपालिकाका नागरिकलाई आवश्यक पर्ने कृषि उपज आयात गर्ने व्यवस्था समेत मिलाउन सक्नेछ ।
(५) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले कृषक, कृषि व्यावसायी र सरोकारवालाबीच त्रैमासिक रुपमा नियमित बैठकको आयोजना गर्नेछ।
४३. पशुपन्छी सेवासम्बन्धी व्यवसाय दर्ताः
(१) एग्रोभेट, दाना, चल्ला लगायतका पुशपन्छी सेवासम्बन्धी उद्योग, कम्पनी वा फर्मले आर्थिक ऐनद्वारा निर्धारत शुल्क तिरी नगरपालिकामा दर्ता गर्ने र वार्षिक रुपमा नवीकरण गराउनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिमका उद्योग, कम्पनी वा फर्मको कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले नियमित रुपमा अनुगमन गरी गुणस्तर सुधारका लागि आवश्यक निर्देशन दिनेछ र सम्बन्धित उद्यमी वा व्यवसायीले त्यस्तो निर्देशनको पालना गर्नु पर्नेछ।
४४. पशुपन्छी अस्पताल स्थापना गर्न सक्नेः नगरपालिकाले किसानलाई पायक पर्ने
स्थानमा आवश्यक ल्याव र प्रविधि सहितको पशुपन्छी अस्पताल स्थापना र सञ्चालन गर्न आवश्यक प्रवन्ध गर्न सक्नेछ ।
४५. पशु वधस्थलको व्यवस्थाः
(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र पशु बधशाला तथा पशु बधस्थल स्थापना गर्न उपयुक्त स्थान पहिचान गरी सञ्चालनमा ल्याउन सक्नेछ ।
(२) पशुपन्छी सम्बन्धी सहकारी वा व्यवसायिक संस्थाले नगरपालिकाकाको अनुमति लिई पशु बधशाला स्थापना गर्न सक्नेछ।
(३) नगरपालिकाकाले सहकारी संस्था वा व्यवसायिक संस्थासँग सार्वजनिक निजी साझेदारीमा पशु बधशाला वा पशु वधस्थल स्थापना गरी सञ्चालन गराउन सक्नेछ ।
(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले सम्बन्धित सरोकारवाला समेतको प्रतिनिधित्व र सहभागितामा पशु कल्याण, पशुजन्य रोग नियन्त्रण, पशु बधशाला तथा पशु बधस्थल सञ्चालन, पशुपन्छीको मासु र मासु पसल तथा फ्रेस हाउसले पालन गर्नुपर्ने मापदण्ड वा कार्यविध तर्जुमा गरी कार्यालयको स्वीकृति लिई लागू गर्न सक्नेछ।
(५) मृत्यू भएका पशु विसर्जनका लागि सम्बन्धित वडा कार्यालयले उपयुक्त स्थान तोक्न सक्नेछ र पशुधनीले उक्त तोकिएको स्थानमा नै मृत पशुहरु विसर्जन गर्नु पर्नेछ ।

४६.
दुग्ध उत्पादनको प्रशोधन र बजारीकरणः
(१) नगरपालिकाका लाई दुग्धजन्य उत्पादनमा आत्मनिर्भर बनाउनका लागि पशुपालक किसानलाई अनुदान तथा प्राविधिक सेवा लगायतका सहयोग उपलब्ध गराउन सकिनेछ ।
(२) नगरपालिकाले पशुपालक किसानले उत्पादन गरेको दुधको प्रशोधन गरी मूल्य अभिवृद्धि गराउन दुध चिस्यान केन्द्र तथा दुधमा आधारित वस्तु उत्पादनसम्बन्धी उद्यम स्थापना र सञ्चालनका लागि सहयोग तथा सहजीकरण गर्न सक्नेछ ।
(३) नगरपालिकाले पशु गोठ व्यवस्थापन, भकारो गोठ सुधार, पाँस, दाना तथा अन्य आहार र पानी आपूर्तिका साथै पशुजन्य रोगको उपचार जस्ता विषयमा आवश्यक आर्थिक तथा मानवीय स्रोत सहितको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

## परिच्छेद एघार

## कृषि पर्यावरण तथा कृषि जैविक विविधता संरक्षण सम्वन्धी व्यवस्था

४७.सिंचाइका स्रोतहरुको संरक्षणः नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्राकृतिक रुपमा
रहेका जलाधार, सिमसार, पानीको मुहान, पोखरी, नदीनाला, परम्परागत कूलो बाँध पैनी आदिको संरक्षण, मर्मत सम्भार र जिर्णोद्धार गरी सिंचाइका लागि सञ्चालनमा ल्याउनु पर्नेछ ।
४८.माटो परीक्षणको व्यवस्थाः
(१) नगरपालिका भित्र कृषि कार्यक्रम सञ्चालन गर्नका लागि तथा तुलनात्मक लाभका कृषि वस्तु उत्पादनका लागि कृषि पकेट क्षेत्र छुट्याउनु भन्दा पहिले माटो परीक्षण गर्नु पर्नेछ।
(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाले सरकारी प्रयोगशाला वा सेवा प्रदायक संस्थाका प्रयोगशालाको उपयोग गर्न र किसानको खेतबारीमा नै माटो परीक्षण गर्न गराउनका लागि आवश्यक व्यवस्था मिलाउन सहयोग गर्न सक्नेछ।
४९.कृषि जैविक विविधता र वातावरण संरक्षणः
(१) नगरपालिकाले कृषि क्षेत्रमा जलवायु अनुकूलन तथा उत्थानशिलताका लागि उपयुक्त प्रविधि र पर्यावरण र जलवायुमैत्री दिगो कृषि प्रणालीको विकास गर्न प्राथमिकता दिनु पर्नेछ।
(२) कृषि जैविक विविधतालाई मध्यनजर गर्दै एकीकृत र मिश्रित खेती प्रणालीमा जोड दिंदै कृषि उत्पादनका लागि स्थानीय विशेषताका आधारमा स्थानीय स्रोत परिचालन गर्न पर्नेछ ।
(३) नगरपालिकाले कृषि क्षेत्रलाई प्रकोपबाट सुरक्षित राख्नका लागि स्थानीय अनुकूलन योजना र विपत जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ ।
(४) नगरपालिकाले जलवायुजन्य जोखिम बहन गर्नसक्ने र प्राकृतिक पहिचान भएका वाली र बोटविरुवा, वनस्पति तथा बीउ बीजनको अनुवंश, जीवको पहिचान र संरक्षणका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्नेछ।
(५) कृषक तथा व्यवसायीले कृषिजन्य कार्यहरु गर्दा वातावरणमा प्रतिकूल असर पर्ने कार्यहरु गर्न पाइने छैन र कृषि भूमिको प्राकृतिक स्वरुपमा परिवर्तन भएमा सम्भव भएसम्म कृषि जमिनलाई पहिलाकै अवस्थामा ल्याउने व्यवस्था मिलाउनु पर्नेछ ।

५०. कृषि पर्यापर्यटनः

(१) नगरपालिकाले किसानलाई कृषि पर्यापर्यटन प्रवर्द्धन हुने गरी प्राकृतिक रुपमा कृषि कार्य सञ्चालन गर्न प्रोत्साहन गर्नेछ ।

(२) कृषि तथा पशुपालन सम्बन्धी स्रोत केन्द्रहरुको विकास गर्दा पर्यापर्यटनलाई समेत प्रवर्द्धन हुने गरी सञ्चालन गर्नु पर्नेछ।

(३) नगरपालिकाले कृषि पर्यापर्यटन प्रवर्द्धन गर्न आफ्नो क्षेत्रभित्र नमुना कृषि पर्यपर्यटन क्षेत्र घोषणा गर्न सक्नेछ।

(४) कृषक समूह तथा रैथाने किसानहरुले सामूहिक रुपमा विकास गर्दै आएका कृषिजन्य भू-दृष्यहरुमा आधारित कृषि पर्यापर्यटनको प्रवर्द्धनका लागि त्यस्ता समूहलाई अर्जुनधारा नगरपालिका ले आवश्यक सहयोग गर्न सकिनेछ।

५१.कषि वन प्रणालीको विकासः

(१) नगरपालिकाले किसानलाई पर्यावरण, जलवायु र जैविक विविधता अनुकूल हुनेगरी कृषि वन प्रणालीको विकास गर्न अनुदान लगायतका उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) कृषि वनबाट उत्पादित वन पैदावारमध्ये वनसम्बन्धी प्रचलित कानून बमोजिम कृषिवस्तु सरह सूचीकृत भएका पैदावारलाई कृषि वस्तु सरह मानी विना अनुमति ओसार पसार विक्री वितरण गर्न पाइनेछ ।

(३) नगरपालिकाले कृषि वनको विकासका लागि विभिन्न स्थानमा नर्सरी स्थापना गर्न कृषक समूहलाई अवश्यक अनुदान उपलब्ध गराउन सक्नेछ।

(४) नगरपालिकाले पशु आहारको दिगो आपूर्तिका लागि भुई तथा डाले पाँस उत्पादनका लागि कृषि वन प्रवर्द्धन गर्न आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

५२. चरीचरण क्षेत्रको निर्धारणः

(१) पशुपन्छीको विकास र जैविक खेति प्रवर्द्धनका लागि उपलब्ध भएसम्मका सार्वजिनक जग्गा, बाँझो जमिन र खर्क जग्गालाई पशु चरीचरणका लागि उपयोगमा ल्याउनका लागि अर्जुनधारा नगरपालिकाले आवश्यक सहयोग र सहजीकरण गर्न सक्नेछ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका छाडा गाईवस्तुको नियन्त्रण र व्यस्थापनका लागि सम्बन्धित पशुपालक किसानको सहयोग र समन्वयमा गौशाला तथा कान्जी हाउसको व्यवस्था गरी छाडा गाईवस्तुको नियन्त्रण गर्नेछ।

(३) कसैले आफ्नो गाईवस्तु छाडा छोडेका कारण कसैको सम्पत्ति वा कुनै वस्तु हानी नोक्सानी भएमा गाईवस्तु छाडा छोड्ने व्यक्तिले सो वापत तिर्नुपर्ने क्षतिपूर्ति रकम र सो सम्बन्धी प्रकृया कार्यपालिकाले तोके बमोजिम हुनेछ।

५३. हानीकारक बन्यजन्तुको व्यवस्थापनः

(१) नगरपालिकाले बनमा पानी पाखरी निर्माण, वन क्षेत्रमा वन्यजन्तुमैत्री फलफूलका रुख विरुवाको सरक्षण र व्यवस्थापन, वन डढेलो नियन्त्रण जस्ता कार्यक्रम गरी वन्यजन्तुलाई वनमा नै बस्ने वातावरण सृजना गर्नेछ ।

(२) वन्यजन्तुबाट हुने कृषि बाली तथा पशुधनको क्षति वापत क्षतिपूर्ति उपलब्ध गराउनका लागि अर्जुनधारा नगरपालिका ले वार्षिक रुपमा बजेट विनियोजन गर्न सक्नेछ।

## परिच्छेद बाह्र

## भुमि बैक र बीउ पुँजी सम्बन्धी व्यवस्था

५४) भुमि बैक र बीउ पुँजी सम्बन्धी व्यवस्था

(१) अर्जुनधारा नगरपालिका नागरिकहरुको कृषि तथा पशुपालन पेशप्रति देखिएको लगावलाई लक्षित गरि पालिकाभित्र रहेको बाँझो तथा जग्गा धनीको भुमी लिज वा करारको माध्यामबाट कृषकहरुको मनोबल उच्च राख्दै बाझो तथा जग्गाधनिको जग्गा सझौता बमोजिम भुमी बैक मार्फत व्यवस्थित र प्रभावकारी बनाउनको लागी यस नगरपालिकाले आवश्यक कानून तर्जुमा गरी कानून बमोजिम कार्यन्वयन गर्न सक्नेछ ।

(२) यस नगरपलिका भित्र रहेका कृषि तथा पशुपालक कृषक, कृषि उद्यमी र कृषि व्यवसायीहरुलाई नगरपलिकाले बीउ पुजि कोष स्थापना गरि सो संञ्चालन गर्नका लागी आवश्यक कानून तर्जुमा गरी कानून बमोजिम कार्यन्वयन गर्न सक्नेछ ।

## परिच्छेद तेह्र

## कृषि सम्बन्धी गुनासो व्यवस्थापन

५५. गुनासो व्यवस्थापनः (१) यस ऐनको कार्यान्वयनका सम्बन्धमा कुनै गुनासो उत्पन्न भएमा सुनुवाई गर्न नगरपालिकाले गुनासो सुन्ने अधिकारी नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिमको गुनासो सुन्ने अधिकारीले सम्बन्धित व्यक्ति वा कृषक समूहले दिएको गुनासो दर्ता गरी राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको गुनासो सुनुवाई गर्नका लागि देहाय बमोजिमको एक गुनासो व्यवस्थापन समिति गठन हुनेछ।

(क) प्रमुख

(ख) कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत

(घ) सम्बन्धित वडाको वडाअध्यक्ष

(ङ) गुनासो सुन्ने अधिकारी

(४) उपदफा (३) बमोजिम गठित गुनासो सुनवाई समितिले कृषि सम्बन्धी गुनासो सुनि मेलमिलाप वा अन्य उपयुक्त माध्यमबाट गुनासो व्यवस्थापन गर्नुपर्नेछ।

(५) कृषि तथा पशुपन्छी सम्बन्धी गुनासो सम्बोधनका लागि नगरपालिकामा रहेका कृषि तथा पशुपन्छी सेवासँग सम्बन्धित समितिका पदाधिकारी, सदस्य र कर्मचारीको क्षमता विकासका लागि आवश्यक तालिम तथा अवलोकन भ्रमण लगायतका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

५६. ऐन कार्यान्वयनको जिम्मेवारीः (१) यो ऐनको कार्यान्वयन गर्ने जिम्मेवारी कार्यपालिका, वडा कार्यालय, विभिन्न समिति, किसान, कृषक समूह, पशुपालक समूह, कृषि सहकारी, कृषि व्यवसायी, सेवा प्रदायक, कृषि सरोकारवाला तथा सम्बन्धित सबै प्रतिनिधि र कर्मचारीको हुनेछ।

(२) यस ऐनमा भएका व्यवस्थाको पालना गर्नु सबै सरोकारवालाको कर्तव्य हुनेछ र कसैले पनि ऐन विपरीत कार्य गर्न पाईनेछैन ।

(३) ऐन कार्यान्वयनको सन्दर्भमा सञ्चालन गरिने कार्यक्रमको नियमित अनुगमन गर्न अर्जुनधारा नगरपालिका ले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद चौध विविध

५७. अन्तर निकाय समन्वयः(१) नगरपालिकामा सञ्चालन गरिने कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रमबीच दोहोरोपना हुन नदिन र एक आपसमा समन्वय गरी कार्यक्रम सञ्चालन गर्न योजना तर्जुमा प्रक्रयाका सबै चरणमा सबै निकाय र सरोकारवालाबीच समन्वय र सहकार्य सहित योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

(२) नेपाल सरकार र प्रदेश सरकारबाट सञ्चालन गरिने कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रममा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ।

५८. वाह्य सहयोग लिन सक्नेः नेपाल सरकारको अनुमति लिई नगरपालिकाले आफ्नो क्षेत्रमा कृषि विकासको लागि वैदेशिक सहयोग परिचालन गर्न सक्नेछ।

५९. कृषि वा कृषक पुरस्कारः

(१) नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका पौरखी किसान र कृषि विकासमा उल्लेखनीय योगदान गर्ने विभिन्न व्यक्ति, कर्मचारी तथा सङ्घ संस्थालाई

पारदर्शी र निष्पक्ष मूल्याङ्कनका आधारमा प्रत्येक वर्ष कार्यपालिकाले निर्धारण गरे बमोजिम कृषक सम्मान पुरस्कार प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पुरस्कारका लागि सिफारिस गर्न कार्यपालिकाले एक सिफारिस समिति गठन गर्नेछ र उक्त समितिले मूल्याङ्कनका मापदण्ड बनाई सोही आधारमा सिफारिस गर्नुपर्नेछ।

६०) शहरी कृषिको प्रवर्द्धनः (१) नगरपालिकाले शहरी तथा अर्धशहरी क्षेत्रमा घडेरीका रुपमा रहेका बाझो वा खाली जग्गालाई बाझो नराखी कृषि उत्पादनका लागि सदुपयोग गर्न आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको योजना अनुसार वा विशेष कार्यक्रम तर्जुमा गरी शहरी क्षेत्रमा रहेका कृषि मजदुर तथा बेरोजगार र विपन्न परिवार वा व्यक्तिलाई शहरी तथा अर्धशहरी क्षेत्रमा घडेरीका रुपमा रहेका बाँझो वा खाली जग्गामा कृषि कार्य गर्नका लागि अर्जुनधारा नगरपालिकाले आवश्यक अनुदान, वस्तु र सेवा उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको योजनामा कौशी खेति, करेसा वारी, पोषण बगैचा, पर बगैचा, फलफूलखेति आदि कार्यका लागि नगद अनुदान, बीउ बीजन र सामग्री अनुदान तथा तालिम जस्ता प्रोत्साहनमूलक कार्यक्रम समावेश गर्न सकिनेछ ।

दण्ड सजायः देहाय बमोजिमका र यस्तै प्रकृतिका कसुरको अनुसन्धान तथ तहकीकात, मुद्दा दर्ता र दण्ड सजाय सम्बन्धी व्यवस्था उपभोक्ता संरक्षण, वातावरण संरक्षण र बीउ बीजन लगायतका प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछः

(फ) कृषिका लागि उपयोग हुने माटो तथा पानी प्रदुषण गर्ने,

(ख) उमारशक्ति नभएका, फल दिन नसक्ने किसिमका, सूचित नभएका र लेबल नभएका बीउ बीजन विक्री वितरण गरी किसानलाई हानी नोक्सानी पुयाउने,

(ग) प्रतिबन्धित किटनाशक विषादी विक्री वितरण गर्ने,

(घ) किसानलाई आपूर्ति गर्नुपर्ने मलखाद तथा बीउ बीजन र दाना लगायतका वस्तुको आपूर्तिमा कृत्रिम अभाव खडा गरी कालो बजारी गर्ने,

(ङ) कृषि तथा दुध र मासुजन्य उत्पादनमा मिसावट गरी गुणस्तर हास गर्ने,

(च) गुणस्तरहीन कृषि सामग्री आपूर्ति गर्ने।

६१. अधिकार प्रत्यायोजन गर्न सकिनेः यस ऐन बमोजिम कार्यपालिकालाई प्राप्त अधिकार कुनै विषयगत समिति वा प्रमुखलाई प्रत्यायोजन गर्न सकिनेछ।

६२. नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्नेः यस ऐनमा गरिएका व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले देहायका विषयमा आवश्यक नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछः

(क) किसान पहिचान, वर्गिकरण तथा सूचीकरण र परिचयपत्र व्यवस्थापन,

(ख) कृषक समूह गठन, दर्ता, नवीकरण र सञ्चालन,

(ग) सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन,

(घ) जग्गा भाडा, करार खेती तथा व्यावसायिक खेती सञ्चालन,

(ङ) कृषि ऋृण सिफारिस,

(च) प्रङ्गारिक कृषि उपजको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली प्रवर्द्धन,

(छ) पशु कल्याण, पशुजन्य रोग नियन्त्रण, पशु बधशाला तथा पशु बधस्थल सञ्चालन,

(ज) भुमि बैंक स्थापना सञ्चालन

(झ) बीउ पुँजी कोष स्थापना सञ्चालन

(ञ) अन्य आवश्यक नियमावली, निर्देशिका वा कार्यविधि।

६३. यसै बमोजिम भएको मानिनेः कृषि तथा पशुपन्छीका विषयमा नगरपालिकाबाट यस अधी कार्यविधि वा अन्य आधारमा भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

६४. वाझिएमा स्वतः निष्कृय हुनेः यो ऐन वा यस ऐनमा गरिएका व्यवस्था सङ्घीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थासँग बाझिन गएको अवस्थामा बाझिएको हदसम्म यो ऐनमा रहेका व्यवस्था स्वतः निष्कृय वा खारेज भएको मानिनेछ।

आज्ञाले,
तिलोचन रिमाल
अर्जुनधारा नगरपालिकाको
प्रमुख प्रशासकीय अधिकृत

अर्जुनधारा नगरपालिका

स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०८१

स्वीकृत मितिः २०८१/११/११

प्रस्तावनाः नेपालको संविधानको अनुसूची ८ मा स्थानीय वस्तु तथा सेवा बजारको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई एकल अधिकारको रूपमा व्यवस्था गरिएकोले स्थानीय बजार व्यवस्थापन गरी स्वच्छ बजारको माध्यमबाट गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने उपभोक्ताको मौलिक हकलाई स्थानीय तहमा संरक्षण तथा संवर्द्धन गर्न, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता हित संरक्षण तथा संवर्द्धनसम्बन्धी कानूनी व्यवस्था गर्न आवश्यक भएकोले,

नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगर सभाको बैठकबाट पारित गरी यो ऐन जारी गरिएको छ ।

परिच्छेद- १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यस ऐनको नाम "स्थानीय बजार व्यवस्थापन तथा अनुगमन विधेयक, २०८१" रहेको छ ।

(ख) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुचित व्यापारिक क्रियाकलाप" भन्नाले यस ऐनको दफा १० बमोजिमको क्रियाकलाप सम्झनु पर्दछ ।

(ख) "उपभोक्ता' भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ग) "उपभोक्ता संस्था' भन्नाले उपभोक्ता हित संरक्षण तथा संवर्द्धनको उद्देश्यले प्रचलित कानूनबमोजिम स्थापना भएको संस्था वा त्यस्तो संस्थाको स्थानीय तहको गाउँ वा नगरस्तरीय शाखासमेतलाई सम्झनु पर्दछ ।

(घ) "गुणस्तरहीन वस्तु" भन्नाले यस ऐनको दफा १९ बमोजिमको अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनु पर्दछ ।

(ङ) " गुणस्तरहीन सेवा" भन्नाले कुनै सेवाको गुणस्तर तोकिए वा दाबी गरिएकोमा त्यस अनुरूप नभएको भन्ने सम्झनु पर्दछ ।

(च) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनबमोजिमको नियम, कार्यविधि, निर्देशिका तथा कार्यपालिकाको निर्णयबाट वा प्रचलित नेपाल कानूनद्वारा तोकिएको भए सोबमोजिम तोकिएको सम्झनु पर्दछ ।

(छ) "नगर कार्यपालिका" भन्नाले अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(छ१) " नगरपालिका" भन्नाले अर्जुनधारा नगरपालिकालाई सम्झनुपर्दछ ।

(ज) " निरीक्षण अधिकृत" भन्नाले यस ऐनको दफा २६ बमोजिम नियुक्त निरीक्षण अधिकृत सम्झनु पर्दछ ।

(झ) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको सम्मिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ, सुगन्ध वा रसायनलाई समेत जनाउँछ। सो शव्दले मूल्य लिई वा नलिई बिक्रीवितरण गरिने सबै प्रकारका वस्तुलाई जनाउनेछ ।

(ञ) "बजार अनुगमन टोली" भन्नाले नगर कार्यपालिकाबाट यस ऐनको दफा २३ बमोजिम गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ ।

(ट) "प्रदायक" भन्नाले मूल्य वा दस्तुर वा पारिश्रमिक लिई वा नलिई सबै प्रकारका वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्दछ ।

(ठ) "लेबल" भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडो वात्यस्तो उपभोग्य वस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिह्न लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको टयाग, चिन्ह, तस्बिर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्दछ ।

(ड) "समिति" भन्नाले दफा २१ बमोजिम गठित बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिलाई सम्झनु पर्दछ ।

(ढ) "सेवा" भन्नाले, विद्युत्, खानेपानी, टेलिफोन, सूचना प्रविधि, सञ्चार, ढल निकास, वितरण, शिक्षा, वातावरणीय, बैंक तथा वित्तीय संस्था, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन, मनोरञ्जन तथा खेलकुद सेवा, निर्माण, ढुवानी तथा इन्जिनियरिङ सेवा, यातायात, चिकित्सालगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरूलाई सम्झनु पर्दछ ।

(ण) "स्थानीय बजार" भन्नाले नगरपालिका क्षेत्रभित्रको वस्तु वा सेवा बजार सम्झनु पर्दछ ।

## परिच्छेद- २
## स्थानीय बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

३. नगरपालिकाले बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणसम्बन्धी गर्ने कार्यहरू:

(१) नगरपालिकाले स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणसम्बन्धी देहायका कार्यहरू गर्नेछ :

(क) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमनसम्बन्धी नीति, कानून, मापदण्डहरू तर्जुमा गरी कार्यान्वयन र नियमन गर्ने,

(ख) बजार तथा हाट बजार सञ्चालन र व्यवस्थापन गर्ने,

(ग) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमनको काम गर्ने,

(घ) स्थानीय व्यापार र वाणिज्यसम्बन्धी पूर्वाधार निर्माण गर्ने,

(ङ) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने,

(च) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी,
अनुगमन र नियमन गर्ने,

(छ) स्थानीय व्यापारको तथ्यांक प्रणाली र अध्ययन अनुसन्धान गर्ने,

(ज) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,

(झ) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन गर्ने,

(ञ) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखांकन गर्ने,

(ट) उपभोक्ता सचेतना अभिवृद्धि, उपभोक्ता जागरण तथा सशक्तीकरण, उपभोक्ताको गुनासो व्यवस्थापन, व्यवस्थापन, जागरूक उपभोक्ता तथा नैतिकवान विक्रेतालाई प्रोत्साहन गर्ने, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने,

(ठ) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनगुमन तथा नियमन गर्ने,

(ड) वस्तु र सेवा बजारको व्यवस्थापन तथा स्थानीय बजारको सुरपरिवेक्षण तथा अनुगमन गर्ने,

(ढ) स्थानीय बजार व्यवस्थापनसम्बन्धी तोकिएबमोजिमको अन्य कार्य गर्ने ।

(२) उपदफा (१) बमोजिम कार्यहरू सम्पन्न गर्न नगरपालिकाले सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा आवश्यक कार्ययोजनासहित बजेट व्यवस्थापन र कार्यक्रम गर्नेछ ।

परिच्छेद- ३

उपभोक्ताको अधिकार तथा बजारसँग सम्बद्ध पक्षको दायित्व सम्वन्धी व्यवस्था

४. उपभोक्ताको अधिकारको संरक्षण र संवर्द्धन सम्बन्धी व्यवस्था :

(१)नगरपालिकाले उपभोक्ताको अधिकार सवर्द्धन र संरक्षण गर्ने व्यवस्था मिलाउनेछ ।

(२) उपभोक्ताको अधिकार संरक्षण गर्न नगरपालिकाले आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाले उपभोक्ता हित संरक्षणको लागि वस्तु र सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, लेबल, विज्ञापन आदिको नियमित बजार सुपरिवेक्षण तथा अनुगमनसम्बन्धी व्यवस्था नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(४) नगरपालिकाभित्र उपभोक्ता सचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रम समितिले तोके बमोजिम हुनेछ ।

५. वस्तु वा सेवाको बजारसँग सम्बद्ध पक्षको दायित्व : नगरपालिकाभित्र वस्तु वा सेवा प्रदान गर्ने प्रत्येक उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, विक्रेता र सेवा प्रदायकले प्रचलित कानून बमोजिमको दायित्व पूरा गर्नु पर्नेछ ।

## परिच्छेद ४

## दर्ता, अनुमति, सिफारिस, नवीकरण र खारेजीसम्वन्धी व्यवस्था

६. व्यवसाय दर्ता तथा स्वीकृतिसम्बन्धी व्यवस्था :

(१) नगरपालिका क्षेत्र भित्र बिक्री वितरण गर्ने उद्देश्यले स्थापित वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, संकलनकर्ता लगायतका प्रदायक वा विक्रेताले आफ्नो कारोवार सञ्चालन गर्दा सम्वन्धित वडाको कार्यालयमा दर्ता वा अनुमति लिई कारोबार सञ्चालन गर्नु पर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र कुनै वस्तु वा सेवा व्यवसाय गर्ने उद्देश्यले स्थापित हाट बजार, होमस्टे, महोत्सव, मेला वा पर्या- पर्यटनसँग सम्बन्धित र्याफटिङ, क्यानिनिङ, प्याराग्लाइडिङलगायतका व्यवसाय कारोबार सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा अनुमति लिई कारोबार सञ्चालन गर्नु पर्नेछ ।

(३) प्रदायक वा विक्रेताले आफूले सञ्चालन गर्ने कारोबारको प्रचलित सङ्घ र प्रदेश कानून बमोजिम दर्ता स्वीकृति लिनुपर्ने भए लिएको प्रमाणसमेत आवेदनका साथ पेस गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम पेस भएको दर्ता वा अनुमतिको आवेदनउपर नगरपालिकाले छानबिन गरी दर्ता वा स्वीकृत गर्न मिल्ने भए दर्ता वा अनुमति गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ । दर्ता वा अनुमति गर्न नमिल्ने भए सोको स्पष्ट कारणसहित आवेदन दर्ता भएको मितिले सात दिनभित्र आवेदकलाई जानकारी गराउनु पर्नेछ ।

अर्जुनधारा राजपत्र

(५) कुनै वस्तु वा सेवाको प्रदायक वा विक्रेताका हकमा दर्ता वा अनुमति प्रदान गर्नुअघि कुनै निश्चित सर्त पालना गर्नुपर्ने वा तालिम वा अभिमुखीकरण लिनुपर्ने गरी कार्यपालिकाले दर्ता वा अनुमतिसम्बन्धी कार्यविधि निर्धारण गर्न सक्नेछ ।

(६) नगरपालिका भित्र कुनै उद्योग वा वस्तु वा सेवा प्रदान गर्ने उद्देश्यले कसैले प्रचलित कानूनबमोजिम कुनै फर्म, कम्पनी, एजेन्सी, संस्था दर्ता गर्न चाहेमा नगरपालिकाले आवश्यक सिफारिस गर्न सक्नेछ ।

(७) दर्ता, अनुमति तथा सिफारिससम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. दर्ता नवीकरण गर्नुपर्ने : दफा ६ बमोजिमका नगरपालिकामा दर्ता गरिएका उद्योग, फर्म, पसल, कारोबार, व्यवसाय, हाट बजार, मेला, महोत्सव, पर्यापर्यटनजस्ता प्रदायकले प्रत्येक वर्ष असोज मसान्तभित्र तोकिए बमोजिम लाग्ने शुल्क वा दस्तुर बुझाई दर्ता वा अनुमति नवीकरण गर्नु पर्नेछ ।

८. दर्ता तथा अनुमति खारेजीसम्बन्धी व्यवस्था : (१) नगरपालिकामा दर्ता भएका प्रदायक दर्ता वा अनुमति देहायको अवस्थामा समितिले खारेज गर्न सक्नेछ ।

(क) लगातार तीन वर्षसम्म नवीकरण नगरेमा,

(ख) उद्देश्य विपरीत काम गरेमा,

(ग) यस ऐन तथा यस ऐनअन्तर्गतको नियमको कम्तीमा तीन पटक उल्लंघन गरेमा,

(घ) स्वीकृति बेगर तोकिएको स्थानभन्दा अन्यत्रै कारोबार सञ्चालन गरेमा,

(ङ) आफूले उत्सर्जन गरेको फोहोर वा अन्य पदार्थको उचित व्यवस्थापन नगरेमा वा वातावरणमा हानि नोक्सानी पुर्‍याएमा,

(च) अनुचित व्यापारिक क्रियाकलाप गरेमा,

(छ) तोकिएका अन्य कुराहरू ।

(२) दर्ता वा अनुमति खारेजी गर्नुअघि सुनुवाइको मौका प्रदान गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको खारेजीको निर्णय उपर सम्बन्धितले थाहा पाएको मितिले २१ दिनभित्र नगर प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नगर प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) प्रदायक दर्ता वा अनुमतिको खारेजीसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. प्रदायकले उद्योग, फर्म, पसल, व्यवसाय सञ्चालन गर्दा मापदण्ड पालना गर्नुपर्ने :

(१) प्रचलित कानूनले तोकेको गुणस्तर वा मापदण्ड भित्र रही उद्योग, फर्म, व्यवसाय, कारोबार, सेवा प्रदान स्थलको पूर्वाधार तयार गरी प्रदायकले व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर वा मापदण्ड नतोकिएको हकमा नगरपालिकाले तोकेको मापदण्ड वा सर्त पालना गर्नुपर्नेछ ।

## परिच्छेद - ५

## अनुचित व्यापारिक क्रियाकलाप र बजार व्यवस्थापनसम्बन्धी व्यवस्था

१०. अनुचित व्यापारिक क्रियाकलाप गर्न नहुने : कसैले पनि नगरपालिकाभित्र देहायबमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गर्न वा गराउन पाइने छैन ।

(क) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाइछिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने,

(ख) झुट्टा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु वा सेवा बिक्री गर्ने वा गराउने,

(ग) उपभोग्य वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गर्नेः -

(१) कमसल वस्तुलाई विशिष्ट वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचना, डिजाइन देखाइ बिक्री गर्ने,

(२) पुनर्निर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाई वा झुक्याई बिक्री गर्ने,

(३) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुट्टा र भ्रमपूर्ण रूपमा विज्ञापन वा सूचना प्रसार गर्ने,

(४) उपभोग्य वस्तुको उपभोगबाट उपभोक्ताको कुनै रोग निको हुने भन्ने तथ्यगत आधार बिना नै त्यस्तो वस्तुको दाबी वा प्रत्याभूति गर्ने वा बिक्री गर्ने ।

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको वास्तविक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गरेमा वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागतसमेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्री गर्ने,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गर्ने,

(च) कुनै उपभोग्य वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानकभन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि नोक्सानी पुर्‍याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसारपसार वा सञ्चय वा बिक्री गर्ने,

(छ) कुनै उपभोग्य वस्तुको अनुचित सञ्चय वा कृत्रिम अभाव हुने गरी मूल्य बढाउने, जम्माखोरी गर्ने वा बिक्री गर्ने,

(ज) त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्यसमेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने,

(झ) सक्कली वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन गर्ने वा त्यस्तो उत्पादनको बिक्री गर्ने,

(ञ) बिक्री गरेको वस्तु वा सेवाको बिल वा बिजक जारी गर्न इन्कार गर्ने वा बिल वा बिजक जारी नगर्ने,

(ट) कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानि नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्री गर्ने,

(ठ) उपभोग्य वस्तु उपभोग गरिसक्नुपर्ने अवधि व्यतित भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई त्यस्तो वस्तु बिक्री गर्ने,

(ड) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्री गर्ने,

(ढ) उत्पादक, आपूर्तिकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता वा विक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, सङ्घसंस्थाको मिलेमतोबाट लागेको लागत र तोकिएभन्दा बढी मूल्य निर्धारण गर्ने वा बिक्री गर्ने,

(ण) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री गर्दा तोकिएको व्यापारिक तहभन्दा बढी तह वा शृंखला खडा गरी बिक्री वा प्रदान गर्ने,

(त) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने,

(थ) कुनै वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने ।

११. बजारको तह निर्धारणसम्वन्धी व्यवस्था : (१) नगरपालिकाले उपभोक्ता हक हित संरक्षण गर्न, बजारको नियम (मार्केट रुल) बमोजिम बजार व्यवस्थापन गर्न, बजारलाई स्वच्छ, सुलभ तथा पारदर्शी बनाउन तोकिएको कुनै पनि वस्तु वा सेवाको लागि बजार वा प्रदायकको तोकिए बमोजिम तह निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएभन्दा बढी तह कायम हुने गरी कसैले पनि वस्तु वा सेवाको बिक्री वितरण गर्न पाइने छैन ।

१२. आपूर्ति व्यवस्थापन : (१) नगरपालिकाक्षेत्रमा आवश्यक वस्तु वा सेवाको बजार मागअनुसार आपूर्तिको व्यवस्थापन सम्बन्धित वस्तु वा सेवाको प्रदायक वा विक्रेताले गर्नु पर्नेछ ।

(२) समितिले वस्तु वा सेवाको बजारमा मागअनुसार उत्पादन, आयात मौज्दात तथा भण्डारणको अवस्थाका सम्वन्धमा नियमित विश्लेषण गरी

सोको आधारमा सम्बन्धित प्रदायक वा विक्रेतालाई आपूर्ति व्यवस्थापनका लागि आवश्यक व्यवस्थापन गर्नेछ ।

(३) नगरपालिका आफैंले वा सार्वजनिक निजी साझेदारी वा सहकारी वा अन्य कुनै व्यवस्थापनबाट नगरपालिकाभित्र वस्तु र सेवाको आपूर्ति व्यवस्थापन गर्न सक्नेछ ।

(४) नगरपालिका वा समितिले मागेको वस्तु र सेवाको मौज्दात वा सञ्चय लगायतका विवरण तोकिएको समयभित्र सम्बन्धित प्रदायक वा विक्रेताले दिनु पर्नेछ ।

(५) अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थालाई असहज बनाउने उद्देश्यले कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्यवृद्धि र नाफाखोरीजस्ता कार्य गर्नु गराउनु हुँदैन ।

(६) विपद् वा अन्य कुनै कारणले बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा गम्भीर संकट वा विचलनको अवस्था आएमा नगरपालिकाले त्यस्तो वस्तु वा सेवाको बजारलाई व्यवस्थापन नियन्त्रण गरी सहज आपूर्ति व्यवस्था नभएसम्मको लागि कुनै निजी, सार्वजनिक संस्था वा सहकारीमार्फत त्यस्तो वस्तु र सेवाको बिक्री वितरण व्यवस्था गराउन सक्नेछ ।

(७) आपूर्ति व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१३. वस्तु र सेवाको बिक्रीस्थलसम्बन्धी व्यवस्था :

(१) नगरपालिका क्षेत्र भित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गर्न, गराउन पाइने छैन ।

(२) उपदफा (१) बमोजिम प्रदायकले तोकिएको स्थलबाहेक अन्यत्र वा निषेधित क्षेत्रमा कसैले पनि सेवा वा वस्तुको बिक्री वितरण गर्न पाइने छैन ।

(३) वस्तु वा सेवा सञ्चालन वा बिक्री वितरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१४. सुपथ मूल्यको पसलको स्थापना तथा सञ्चालन गर्ने : (१) नगरपालिकाले दैनिक उपभोग्य वस्तुहरूको सहज र सुपथ उपलब्धताका लागि सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा सुपथ मूल्यका पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) सुपथ मूल्यको पसलको मालवस्तुलाई कसैले पनि वढी मूल्यमा बिक्री गर्न गराउन पाइने छैन ।

(३) सुपथ मूल्यसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।
१५. स्थान र समय निर्धारण गर्न सक्ने :

(१) नगरपालिकाले वस्तु वा सेवा वा प्रदायकको बिक्री वितरणका लागि कुनै निश्चित स्थान वा समय निर्धारण गर्न वा सो सम्बन्धी पूर्वाधार निर्माण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थान, समय निर्धारण वा पूर्वाधार निर्माण गर्दा एकीकृत बजार वा एकै प्रकारका फर्म, पसल, कम्पनी, उद्योग व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्ने गरी दर्ता वा अनुमति प्रदान गरी व्यवस्थापन गर्न सक्नेछ ।

(३) स्थान वा समय निर्धारणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१६. वातावरण सफा र स्वच्छ राख्नुपर्ने : (१) नगरपालिका क्षेत्रमा कारोबार गर्ने वस्तु वा सेवाका प्रदायकले गाउँपालिका नगरपालिका क्षेत्रको सरसफाइ र स्वच्छतामा हानि, नोक्सानी गर्ने कुनै पनि गतिविधि सञ्चालन गर्न पाइने छैन ।

(२) कारोबार स्थल, सडक, बाटो सफा राख्नु तथा आफूले उत्सर्जन गरेको फोहोरको उचित व्यवस्थापन गर्नु सम्बन्धित प्रदायकको कर्तव्य हुनेछ ।

परिच्छेद ६

अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारणसम्वन्धी व्यवस्था

१७. अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारणसम्बन्धी व्यवस्था : (१) नगरपालिकाले समय समयमा अत्यावश्यक वस्तु वा सेवाको सूची निर्धारण वा अधिकतम उपभोक्ता मूल्य निर्धारण गरी सार्वजनिक सूचना प्रकाशित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिका भित्र तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने गरी कसैले पनि वस्तु वा सेवा बिक्री गर्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिमको अत्यावश्यक वस्तु वा सेवाको सूची र अधिकतम उपभोक्ता मूल्यसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नुपर्ने सम्बन्धी व्यवस्था : (१) वस्तु वा सेवाका प्रदायकले पसलमा रहेको प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा विक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक
वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गर्ने सेवाको शुल्क स्पष्ट रूपमा उल्लेख गरी मूल्यसूची राख्नु पर्नेछ ।

अर्जुनधारा राजपत्र

(२) उत्पादक वा विक्रेता वा सेवा प्रदायकले खरिद बिक्रीसम्वन्धी बिल बिजक दुरुस्त राख्नु पर्नेछ ।

(३) वस्तु वा सेवाको बिल वा बिजक नगरपालिका, समिति, अनुगमन टोली र निरीक्षण अधिकृतले मागेका बखत उपलब्ध गराउनु पर्नेछ ।

(४) वस्तु वा सेवा बिक्री गर्दा उपभोक्तालाई विक्रेताले बिल दिनु पर्नेछ ।

## परिच्छेद ७

## गुणस्तर सम्बन्धी व्यवस्था

१९. गुणस्तरहीन वस्तु र सेवाको बिक्री वितरण गर्न नहुने :

(१) कसैले पनि नगरपालिका क्षेत्रभित्र गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री वितरण गर्न हुँदैन । गुणस्तरहीन वस्तु भन्नाले देहायको कुनै अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनुपर्छ :

(क) तोकिएको भन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,

(ख) मानव स्वास्थ्यलाई हानी हुने गरी सडेको, गलेको वा फोहोरमैला वा विषादी मिश्रण गरी तयार गरिएको वा स्वास्थ्यलाई हानि हुने कुनै रसायन, रङ वा सुगन्ध प्रयोग गरिएको,

(ग) त्यस्तो वस्तुको केही वा सबै भाग कुनै रोगी वा रोगकारक पशुपंक्षी वा हानिकारक वनस्पतिबाट बनाइएको,

(घ) तोकिएको मापदण्ड पूरा नगरी उत्पादन, ढुवानी, सञ्चय, भण्डारण वा बिक्री गरिएको,

(ङ) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उत्पादक वा पैठारीकर्ता वा विक्रेताले तोके बमोजिमको गुणस्तर नभएको ।

२०. लेबल र उपभोग्य म्यादसम्बन्धी व्यवस्था : (१) नगरपालिकाभित्र प्रचलित कानूनबमोजिम लेबल भएको वस्तुमात्र उत्पादन, पैठारी, ढुवानी, भण्डारण, तथा बिक्रीको लागि राख्नु पर्नेछ ।

(२) गुणस्तरहीन वस्तु वा म्याद गुजेका वस्तु फिर्ता गर्ने, नष्ट गर्ने समेतका दायित्व सम्बन्धित प्रदायकको हुनेछ ।

## परिच्छेद - ८

## समिति र बजार अनुगमन टोलीको गठन तथा काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था

२१. बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति :

(१) यस ऐन कार्यान्वयन गर्न नगरपालिकाभित्र देहाय नगरपालिकाभित्र बमोजिमको बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिको गठन हुनेछः

(क) नगरपालिकाका उपप्रमुख - संयोजक

(ख) उपभोक्ता हीत हेर्ने विषयगत समितिको संयोजक- सदस्य

(ग) मुख्य बजार रहेको वडाको अध्यक्ष वा प्रतिनिधि - सदस्य

(घ) जिल्ला प्रशासन कार्यालय, झापाको प्रतिनिधि - सदस्य
(कम्तीमा रा.प. तृतीय श्रेणीको अधिकृत स्तर)

(ङ) स्थानीय उद्योग वाणिज्य सङ्घको अध्यक्ष वा प्रतिनिधि — सदस्य

(च) उपभोक्ता हित संरक्षणसम्बन्धी संस्थाहरू मध्येबाट नगरपालिकाले तोकेको नगर अध्यक्ष वा प्रतिनिधि - सदस्य

(छ) नगरपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखाका प्रमुख वा निरीक्षण अधिकृत सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ङ) र (च) को नियुक्ति र पदावधि तथा समितिको बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२२. समितिका काम कर्तव्य र अधिकार : (१) समितिका काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) उपभोक्ता हित संरक्षण तथा स्वच्छ बजार व्यवस्थापन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने,

(ख) बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउन उपभोक्ताको हकहितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्य योजना बनाई लागू गर्ने,

(ग) अत्यावश्यक वस्तुहरूको माग र आपूर्तिको अवस्थासम्बन्धी तथ्यांक संकलन गरी मागबमोजिम आपूर्ति व्यवस्था सहज र सुलभ बनाउन आवश्यक कार्य गर्ने,

(घ) आपूर्ति व्यवस्थालाई सहज, सुलभ र पहुँचयोग्य बनाउन सार्वजनिक संस्था, सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ङ) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(च) उपभोक्ता शिक्षासम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गर्ने लागू गर्ने,

(छ) उपभोक्ताको गुनासो तथा सूचना प्राप्त गर्न नगर उपभोक्ता

हटलाइनजस्ता सेवा सञ्चालन गरी उपभोक्तालाई गुनासो गर्न सहज सुलभ बनाई तिनलाई जायज गुनासो गर्न प्रोत्साहन तथा पुरस्कृत गर्ने,

(ज) बजार अनुगमनसम्बन्धी कामको मूल्यांकन गरी अनुगमन टोलीलाई आवश्यक निर्देशन गर्ने,

(झ) नगरपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने, गराउने,

(ञ) उपभोक्ता हितविपरीत भएका भएका कार्यमा आवश्यक कानूनी कारबाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने,

(ट) नगरपालिकाभित्र खपत हुने उपभोग्य वस्तु वा सेवाको माग र आपूर्ति स्थितिको निरन्तर विश्लेषण तथा समीक्षा गरी मागअनुसारको आपूर्ति व्यवस्थापन गर्ने, गराउने,

(ठ) वस्तु वा सेवाका उत्पादक, विक्रेता वा वितरकहरूले अवाञ्छित तरिकाले गरेको मूल्यवृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ड) उपभोक्तालाई उचित मूल्य र सहज रूपमा खाद्यान्नलगायतका अन्य दैनिक उपभोग्य वस्तुको आपूर्ति सुनिश्चित गर्न नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनीलाई प्रोत्साहित गर्ने,

(ढ) कुनै ठाउँ विशेषको लागि कुनै वस्तु वा सेवाको निश्चित अवधिका लागि अधिकतम मौज्दातको परिमाण तोक्ने,

(ण) नगरपालिका क्षेत्रभित्र उत्पादित कुनै खाद्यवस्तुको अभाव भएमा त्यस्तो खाद्यवस्तुको निश्चित परिमाण निर्धारण गरी तोकिएको वा उचित मूल्यमा उत्पादक, भण्डारक, आयातकर्ता वा विक्रेताबाट खाद्य वस्तु प्राप्त गरी सर्वसाधारणलाई बिक्री वितरणको व्यवस्था गर्ने,

(त) थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गर्न त्यस्ता व्यवसायसँग सम्बन्धित व्यापारिक फर्म वा कम्पनीको नाम, ठेगाना, उपभोग्य वस्तुको मौज्दात लगायत अन्य आवश्यक विवरण खुलाउन लगाई उचित मूल्यमा एकरूपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

(थ) उपभोक्ताको हकहित संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागि कुनै उपभोग्य वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित रूपमा उपभोग्य वस्तु वितरण गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने,

(द) उपभोग्य वस्तुको बिक्री वितरण प्रणालीलाई नियमित गर्ने र अनुपयुक्त तवरले अभाव सिर्जना गर्ने वा कालोबजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने,

(ध) आवश्यकताअनुसार छड्के सुपरिवेक्षण तथा अनुगमन गरी कारबाही गर्ने,

(न) आवश्यकताअनुसार बजार अनुगमन समिति, बजार अनुगमन टोली, विषयगत अनुगमन टोली वा संयुक्त बजार अनुगमन टोली गठन गर्ने,

(प) नगरपालिकाको आवश्यकताअनुसार केन्द्रीय, प्रदेश स्तरीय बजार अनुगमन समिति तथा विभिन्न विषयगत अनुगमन समितिहरूलाई बजार अनुगमन गर्न सहजीकरण गर्ने वा लेखी पठाउने ।

(न) समितिका अन्य काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(२) समितिले छड्के सुपरिवेक्षण तथा अनुगमन गर्दा यस ऐनको व्यवस्था प्रतिकूल कसैबाट काम कारबाही भएको पाइएमा सुपरिवेक्षण तथा अनुगमन गरिएको फाइलसाथ आवश्यक कारबाहीका लागि सम्वन्धित निकायमा पठाउनु पर्नेछ ।

(३) सम्बन्धित निकायले पनि सो सम्बन्धमा भएको काम कारबाहीको जानकारी समितिलाई गराउनु पर्नेछ ।

(४) समितिले बजार छड्के अनुगमन गर्दा यस ऐनबमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

२३. बजार अनुगमन टोलीको गठन : (१) यस ऐनबमोजिम अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप भए नभएको, मूल्यसूची राखे नराखेको, वस्तु वा सेवाको गुणस्तर, मूल्य, परिमाणका सम्बन्धमा नियमित रूपमा बजार अनुगमन तथा निरीक्षण गर्न देहाय बमोजिमको नगरपालिकाबजार अनुगमन टोली गठन हुनेछ ।

क. नगरपालिकाको उप प्रमुख - संयोजक

ख. सम्बन्धित वडा समितिको अध्यक्ष वा निजले तोकेको सदस्य वा कर्मचारी- सदस्य

ग. स्थानीय प्रशासनको प्रतिनिधि -सदस्य

घ. स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि - सदस्य

ङ. समितिले मनोनयन गरेको नगरमा क्रियाशील उपभोक्ता हित संरक्षणसँग सम्बन्धित संस्थामध्येबाट एक जना महिलासहित दुई जना - सदस्य

च. स्थानीय उद्योग वाणिज्य सङ्घको प्रतिनिधि एक जना- सदस्य

छ. पत्रकार महासङ्घ वा प्रेस क्लबको प्रतिनिधि एक जना -सदस्य

ज. समितिले मनोनयन गरेको सम्बन्धित वस्तु वा सेवा क्षेत्रको बिज्ञ वा जानकार प्रतिनिधि एक जना - सदस्य

झ. उपभोक्ता हीत संरक्षण हेर्ने शाखाको प्रमुख- सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित बजार अनुगमन टोलीले अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

अर्जुनधारा राजपत्र

(३) बजार अनुगमन टोलीको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) समिति र अनुगमन टोलीको बैठक तथा सेवा सर्त सुविधा र भत्ता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) नगर कार्यपालिकाले प्रत्येक वडामा बजार अनुगमन टोली गठन गर्न सक्नेछ। वडा बजार अनुगमन टोलीको काम कर्तव्य तथा अनुगमन कार्यविधि तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद - ९

## बजार अनुगमनसम्बन्धी व्यवस्था

२४. बजार अनुगमन गर्नुपर्ने : (१) कार्यालयले उपभोक्ताको हक अधिकार स्थापित गरी बजार व्यवस्थापन गर्न बजारको नियमित अनुगमनको व्यवस्था मिलाउने छ ।

(२) उपदफा (१) बमोजिम हुने बजार अनुगमन प्रक्रिया र कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३) अनुगमनकर्ताले अनुगमनका क्रममा प्रदायकसँग तोकिएबमोजिमको व्यवहार गर्नुपर्नेछ ।

(४) अनुगमनसम्बन्धी अन्य प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

२५. आचारसंहिता : अनुगमन गर्दा तोकिए बमोजिम आचारसंहिता पालना गर्नुपर्नेछ ।

## परिच्छेद- १०

## निरीक्षण अधिकृत सम्बन्धी व्यवस्था

२६. निरीक्षण अधिकृतको नियुक्ति : (१) नगरपालिकाले प्रचलित कानून वा यस ऐन वा तोकिए बमोजिमको बजार अनुगमन, अनुसन्धान तहकिकात लगायतका काम गर्न कुनै अधिकृत कर्मचारीलाई निरीक्षण अधिकृतको रूपमा नियुक्ति गर्न वा खटाउन सक्नेछ ।

(२) नगरपालिकाले आवश्यक देखेमा प्रचलित नेपाल कानून वा उपभोक्ता संरक्षण ऐन, २०७५ वा प्रदेश व्यापार तथा व्यवसाय ऐन बमोजिमको कुनै निरीक्षण अधिकृत तोक्नको लागि कुनै अधिकृत कर्मचारीलाई सिफारिस गर्न सक्नेछ ।

(३) निरीक्षण अधिकृतको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार : निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गरेको ठाउँमा प्रवेश गर्न

(ख) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिने

(ग) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गर्ने व्यक्तिसँग वा सोसँग सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक बयान लिने

(घ) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमुना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउने

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको तत्काल उत्पादन, बिक्री वितरण वा सेवा प्रदानमा रोक लगाउन आवश्यक देखिएमा सो रोक लगाउने

(च) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमुना लिइएकोमा प्रयोगशालाबाट नमुनाको परीक्षण भई नआएसम्मको लागि त्यस्ता वस्तुको बिक्री वितरणमा रोक लगाउने

(छ) निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा विक्रेतालाई तत्काल कुनै आदेश लिन उपयुक्त देखिएमा सो आदेश दिने

(ज) आवश्यकतानुसार अनुगमनका क्रममा उत्पादनस्थल, गोदाम र पसलको खानतलासी गर्ने

(झ) तोकिएबमोजिमको अन्य कार्य गर्ने

२८. निरीक्षण अधिकृतले अपनाउनुपर्ने कार्यविधि : निरीक्षण अधिकृतले निरीक्षण जाँचबुझ वा खानतलासी गर्दा अपनाउनुपर्ने कार्यविधि प्रचलित कानूनबमोजिम वा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ११

## कसुर र सजायसम्बन्धी व्यवस्था

२९. कसुर गरेको मानिने : कसैले देहायको कामकारबाही गरे गराएमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछ :

(क) दफा ६(१) वा (२) बिपरीत दर्ता वा अनुमति नलिई कारोवार सञ्चालन गरे, गराएमा ।

(ख) दफा ७ बमोजिम नबीकरण नगरी कारोवार सञ्चालन गरे, गराएमा ।

(ग) दफा ९ बमोजिम गुणस्तर वा मापदण्ड पूरा नगरी कारोवार सञ्चालन गरे, गराएमा ।

(घ) दफा १० बमोजिम अनुचित व्यापारिक क्रियाकलाप गरे, गराएमा । (ङ) दफा ११ (२) बमोजिम तोकिएभन्दा बढी बजार तह कायम गरी बिक्री बितरण गरे, गराएमा ।

(च) दफा १२ (४) बमोजिम कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्यवृद्धि र नाफाखोरीजस्ता कार्य गरे, गराएमा ।

(छ) दफा १३ (१) बमोजिम नगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गरे, गराएमा

(ज) दफा १३ (२) बमोजिम प्रदायकले तोकिएको स्थल बाहेक अन्यत्र वा निषेधित क्षेत्रमा सेवा वा वस्तुको बिक्री वितरण गरे, गराएमा ।

(झ) दफा १४ (२) बिपरीत बढी मूल्यमा बिक्री गरे गराएमा ।

(ञ) दफा १६ (१) बमोजिम प्रदायकले वातावरण स्वच्छ र सफा नराखेमा ।

(ट) दफा १७ (२) बमोजिम तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने गरी वस्तु वा सेवा बिक्री गर्न गरे, गराएमा ।

(ठ) दफा १८ बमोजिमका कार्य पुरा नगरेमा ।

(ड) दफा १९ (१) बमोजिम गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री वितरण गरे, गराएमा ।

३०. जरिवानासम्बन्धी व्यवस्था : (१) कसैले दफा २९ अन्तर्गत कसुर गरे, गराएमा कसुरको मात्रा हेरी निरीक्षण अधिकृतले देहायबमोजिम जरिबाना गर्न सक्नेछः

(क) खण्ड (क), (ग) र (ङ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई एक हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म ।

(ख) खण्ड (ख), (छ), (ज), (झ) र (ठ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई एक हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म ।

(ग) खण्ड (घ), (च), (ञ) र (ट) र (ड) बमोजिमको कसुर गर्ने वा गराउनेलाई १५ हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म ।

(२) निरीक्षण अधिकृतले यस दफाबमोजिम जरिबाना गर्नुपर्ने कारण र जरिबाना गरेको रकमलगायतको सम्पूर्ण विवरण खुलाई तीन दिनभित्र समितिलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम जरिबाना गर्ने गरी निर्णय भएको मितिले सात दिनभित्र सो जरिबाना नतिर्ने, नबुझाउने प्रदायकविरुद्ध निरीक्षण अधिकृतले देहायको कार्य गर्न सक्नेछ :

(क) जरिबाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवा सिलबन्दी गरेर राख्ने,

(ख) जरिबाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवाको उत्पादन, ढुवानी, पैठारी वा बिक्री गर्ने अन्य वस्तुसमेत रोक्का राख्ने,

(४) यस दफाबमोजिम निरीक्षण अधिकृतले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णय भएको मितिले १५ दिनभित्र जिल्ला अदालत वा उपभोक्ता अदालतसमक्ष पुनरावेदन गर्न सक्ने ।

(५) अन्य दफाहरूमा जेसुकै लेखिए पनि यस ऐनबमोजिम बजार अनुगमनका क्रममा गम्भीर प्रकृतिको कसुरमा वाहेक कम जरिबानासम्म हुन सक्ने सामान्य प्रकृतिका कसुरमा कसुरदारले कसुर स्वीकारी सुधार गर्ने प्रतिबद्धता जनाएको अवस्थामा समिति, बजार अनुगमन समिति वा नगर बजार निरीक्षण अधिकृतले एउटा प्रदायकलाई फरकफरक प्रकृतिको कसुरमा गरी वढीमा दुई पटकसम्म सुधार गर्ने मौका प्रदान गरी कारबाही स्थगन गर्न सक्नेछ ।

३१. सजायसम्बन्धी अन्य व्यवस्था : (१) दफा ३० मा उल्लिखित जरिबानासम्बन्धी व्यवस्थाबाहेकको कसुरमा प्रचलित नेपाल कानून बमोजिम सजाय हुनेछ ।

(२) यस ऐनबमोजिम गरिएको जरिबानाले प्रचलित कानून बमोजिम सजाय गर्न बाधा पुयाएको मानिने छैन ।

## परिच्छेद- १२

## उजुरी तथा तहकिकातसम्बन्धी व्यवस्था

३२. उजुरी दिन सक्ने : (१) यस ऐन वा यस ऐनअन्तर्गतको नियमविपरीत कुनै प्रदायकले कुनै कसुर गरेको पाइएमा नगरपालिकावा समिति वा टोली वा निरीक्षण अधिकृतसमक्ष उजुरी दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको निकाय वा अधिकारीले उजुरी वा सार्वजनिक सञ्चारमाध्यमबाट प्राप्त सूचनालाई उजुरीको रूपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा समिति वा बजार अनुगमन समिति वा बजार अनुगमन टोलीले एकआपसमा समन्वय गरी अनुगमन तथा निरीक्षण गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा प्रदायकले यस ऐनको विपरीत व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारबाही चलाउनेछ।

(५) उपदफा (४) बमोजिम अनुगमन टोलीले गरेको काम कारबाहीमा चित्त नबुझेमा प्रदायकले समिति समक्ष लिखित रूपमा उजुरी दिन सक्नेछ ।

३३. सम्बन्धित निकाय वा अधिकारीसमक्ष लेखी पठाउन सक्ने : (१) यस ऐन बमोजिमको अनुगमन वा उजुरीबाट प्रचलित कानून बमोजिम कुनै कसुर भएको वा भैरहेको वा हुन सक्ने सम्भावना समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले देखेमा सम्बन्धित निकाय वा अधिकारीसमक्ष छानबिन र अनुसन्धानका लागि लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकाय वा अधिकारीसमक्ष लेखी पठाएको बिषयमा सम्बन्धित व्यक्तिले जानकारी माग गरेमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले जानकारी गराउनु पर्नेछ ।

३४. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपुग्ने : यस ऐन बमोजिम कसुर ठहर्ने कसुर अन्य कानूनबाट समेत कसुर ठहरिने रहेछ भने त्यस्तो कानूनबमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन ।

३५. सूचना दिने, अनुगमन तथा अनुसन्धान काममा सहयोग गर्नेलाई पुरस्कृत तथा प्रोत्साहित गर्ने :

(१) यस ऐन बमोजिमको कसुरमा सूचना दिने तथा अनुसन्धानको काममा सहयोग गर्ने व्यक्तिलाई कसुरदारबाट असुल भएको बिगोको २५ प्रतिशत रकम त्यस्तो व्यक्ति वा संस्थालाई पुरस्कार दिइनेछ ।

(२) यस ऐन बमोजिमको कसुरका सम्बन्धमा सही सूचना दिने र अनुसन्धान काम कारबाहीमा सहयोग पुयाउने व्यक्ति वा संस्थालाई सूचना संकलन गर्दा वा सूचना दिँदा लागेको उचित खर्च रकम नगरपालिकाले प्रोत्साहन स्वरूप दिनेछ ।

(३) यस दफाबमोजिम सूचना दिने व्यक्तिले चाहेमा नाम, ठेगाना तथा निजबाट प्राप्त भएको सूचनासम्बन्धी विवरण गोप्य राखिनेछ ।

## परिच्छेद - १३

## विविध

३६. समितिको कार्यक्रम तथा बजेट : (१) नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि वार्षिक कार्यक्रम र बजेट विनियोजन गर्नेछ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट बजार अनुगमन तथा व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणको सचेतनाको लागि अनुदान प्राप्त भएमा उपदफा (१) बमोजिमको कार्यक्रममा समावेश गर्नेछ ।

(३) नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि नेपाल सरकार, प्रदेश सरकार, सहकारी, निजी क्षेत्र, उपभोक्ता हित सरक्षणसँग सम्बन्धित सङ्घसंस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

३७. स्थानीय प्रशासनको कर्तव्य : समिति, बजार अनुगमन समिति वा टोली र निरीक्षण अधिकृतले बजार अनुगमनका क्रममा सहयोग माग गरेमा सुरक्षालगायतका आवश्यक सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

३८. असल नियतले गरेका काम बचाउ : यस ऐनबमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका काममा अनुगमन गर्ने व्यक्ति उपर कुनै कारबाही हुने छैन।

३९. नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने : (१) यस ऐनलाई कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) नगरपालिकाले यस ऐन र यस ऐनअन्तर्गत बनाएको नियमावली कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,
तिलोचन रिमाल
अर्जुनधारा नगरपालिकाको
प्रमुख प्रशासकीय अधिकृत

अर्जुनधारा राजपत्र

## भाग १
## अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालयको सूचना

अर्जुनधारा नगरपालिकाको नगर सभाको सोह्रौं नियमित अधिवेशनबाट पारित भएको तल लेखिए बमोजिमको अर्जुनधारा नगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०८२ सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## अर्जुनधारा नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०८१

**स्वीकृत मितिः २०८१/११/१९**

**प्रस्तावना** : अर्जुनधारा नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ को उपधारा (१) को अधिकार प्रयोग गरी अर्जुनधारा नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

अर्जुनधारा राजपत्र

## परिच्छेद — १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०८१ ” रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “कोष” भन्नाले दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ ।

(ख) “गैरप्राकृतिक विपद्” भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

(ग) “जिल्ला विपद् व्यवस्थापन समिति” भन्नाले संघीय ऐनको दफा १६ बमोजिम झापा जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(घ) “तोकिएको" वा "तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "प्रदेश विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १४ बमोजिम प्रदेश नं. कोशी प्रदेशमा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(झ) "राष्ट्रिय कार्यकारी समिति" भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(ञ) "राष्ट्रिय परिषद" भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ ।

(ट) "राष्ट्रिय प्राधिकरण" भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ ।

(ठ) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(ड) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

(ढ) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ण) "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

(त) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

(थ) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

(द) "व्यावसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनु पर्छ ।

(ध) "समिति" भन्नाले दफा ३ बमोजिमको नगर विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(न) "संघीय ऐन" भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ ।

(प) "संघीय मन्त्रालय" भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

(फ) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ ।

## परिच्छेद — २

## नगर विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. **नगर विपद् व्यवस्थापन समिति**: (१) नगरपालिका भित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न एक नगर विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उप प्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

(घ) वडा अध्यक्षहरु- सदस्य

(ङ) विषयगत समितिका संयोजकहरु -सदस्य

(च) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय-सदस्य

(छ) सामाजिक विकास शाखा प्रमुख -सदस्य

(ज) पूर्वाधार विकास शाखा प्रमुख -सदस्य

(झ) नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि- सदस्य

(ञ) नगर प्रहरी प्रमुख -सदस्य

(ट) राष्ट्रिय मान्यता प्राप्त दलका नगरपालिका स्थित प्रमुख वा प्रतिनिधि -सदस्य

(ठ) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) -सदस्य

(ड) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना -सदस्य

(ढ) गैरसरकारी सस्था महासंघकाका स्थानीय प्रतिनिधि १ जना -सदस्य

(ण) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१ जना) -सदस्य

(त) विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि क्रम संख्या (ञ), (ट), (ठ), (ड), (ढ) र (ण) का सदस्यहरू उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवम् काम कारवाही गर्नमा असर पर्ने छैन ।

(४) उपदफा (२) बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् व्यवस्थापन समितिको रूपमा समेत काम गर्नेछ ।

४. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

५ . **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी नगर विपद् व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने,

(ख) नगरसभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने,

(ग) नगरपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा नगरपालिकाको संस्थागत क्षमता विकास गर्ने, गराउने,

(ङ) नगरपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(च) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको अधिनमा रहि सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ज) विपद्को समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(झ) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ञ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(ट) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने,

(ड) विपद्बाट स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा अवरोध आइपरेमा सोको पुनःसञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने, गराउने ।

(ढ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदायस्तरमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(ण) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने,

(त) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने, गराउने,

(थ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(द) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ध) नगरपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(न) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने,

(प) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(फ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(ब) विपद्को समयमा जोखिममा रहेको समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(भ) विपद् प्रभावितहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(म) विपद्को जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(य) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(र) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(ल) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने,

(व) विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा नगर सभाले तोकेका अन्य कार्य गर्ने, गराउने,

(श) विपद् व्यवस्थापन सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(ष) विभिन्न संघसंस्था, व्यक्तिबाट प्राप्त हुने राहत तथा पुनर्निर्माण र पुनर्लाभका बिषयवस्तुलाई स्थानीय विपद् व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार गर्ने, गराउने ।

## परिच्छेद — ३

## वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **वडा स्तरीय विपद् व्यवस्थापन समितिः** (१) नगरपालिकाको प्रत्येक वडामा एक वडा स्तरीय विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) वडा अध्यक्ष -संयोजक

(ख) वडा सदस्यहरू -सदस्य

(ग) वडा भित्र रहेका विषयगत शाखा/ईकाई कार्यालय प्रमुखहरू -सदस्य

(घ) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरू -सदस्य

(ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिध -सदस्य

(च) स्थानीय रेडक्रस, -सदस्य

(छ) गैरसरकारी तथा सामुदायमा आधारित संघसंस्था तथा युवा क्लवबाट संयोजकले तोकेबमोजिम न्यूनतम २ महिला सहित ४ जना -सदस्य

(ज) वडा सचिव- सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(७) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

(८) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(९) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(११) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

७. **वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वडा भित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालनका लागि नगर विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा योजना अनुरूपका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

(ख) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यावस्थापनलाई मूलप्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

(घ) विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

(ङ) समुदायमा विपद् व्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरूको गठन तथा त्यस्ता समूहहरूलाई परिचालन गर्ने गराउने,

(च) वडा सदस्यहरू, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(छ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउने, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने,

(ज) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि समन्वय गर्ने,

(झ) आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ञ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरणमा नगर विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ट) विपद्को समयमा जोखिममा रहेका समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नगर विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद — ४

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

८. **सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वयः** (१) नगर कार्यपालिकाले विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि नगर कार्यपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा नगरपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराईनेछ ।

(३) विपद् प्रतिकार्यका लागि नगरपालिकाले आँफूसँग रहेको नगर प्रहरीलाई परिचालन गर्नेछ ।

९. **वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकारः**

(१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ ।

१०. **सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वः** (१) विपद् व्यवस्थापन सम्बन्धमा नगरपालिका भित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) नगरपालिका भित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले नगरपालिकाको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ ।

११. **विपद् व्यवस्थापनमा सहयोग गर्नु पर्ने** : नगरपालिका भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय सङ्घ संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा नगरपालिकालाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछः-

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनःर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने।

## परिच्छेद — ५
## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१२. **विपद् व्यवस्थापन कोष** : (१) विपद् व्यवस्थापनका लागि नगरपालिकामा छुट्टै एक आकस्मिक कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन्:-

(क) नगरपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) स्वदेशी कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) विपद् व्यवस्थापनका लागि नगरपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्ने छ |

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन ।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(८) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवदेन तयार गरी कार्यपालिका मार्फत नगरसभा समक्ष पेश गर्नेछ ।

अर्जुनधारा राजपत्र

## परिच्छेद — ६
## कसूर तथा सजाय

१३. **कसूर र सजाय** : कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घट्ना घटेको अवस्थामा नाजायज फाईदा लिने गरी वा आफुलाई मात्र फाईदा पुग्ने किसिमको कुनै काम गरेमा वा यस सम्बन्धमा संघीय कानून बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा तत् सम्बन्धी कारवाही प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद — ७
## विविध

१४. **विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय :** (१) नेपाल सरकारले नगरपालिका भित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित

कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु नगरपालिकाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन नगरपालिका भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा नगरपालिकाले सहयोग र समन्वय गर्नेछ ।

१५. **नेपाल सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्ने :** (१) विपद्‌बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएको छ छैन भनि नगर कार्यपालिकाले सोधखोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नदेखिएकोमा निजको प्रवेशलाई रोक लगाई तत् सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराईनेछ ।

१६. **मानवीय तथा अन्य सहायता र समन्वय :** (१) नगरपालिका भित्र उत्पन्न विपद्‌को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

(२) विपद्‌बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निर्देशनमा रहि तत् सम्बन्धी कार्यमा सहयोग र समन्वय गरिनेछ ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुर्‍याउनु नगरकार्यपालिको दायित्व हुनेछ ।

१७. **तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने :** (१) विशेष परिस्थिति परी विपद्‌बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्‌बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम नगर कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न सकिनेछ ।

(२) विपद्‌बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्‌बाट थप क्षति हुन नदिनका लागि नगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ।

(३) विपद्‌बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन नगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा

अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ ।

(४) नगरपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ ।

१८. **राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था** : (१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलव्ध गराउने राहतको अतिरिक्त नगरपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड बनाई सोको आधारमा राहात उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछः-

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता संवोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल,

(घ) व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्बन्धी,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(च) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय ।

१९. **विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा** : विपद्मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्ण रूपमा क्षति भएका नगरपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोके बमोजिम हुनेछ।

२०. **निर्देशन दिन सक्ने** : समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

२१. **उपसमिति गठन गर्न सक्ने** : (१) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्याविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ ।

२२. **अभिलेख राख्नु पर्नेः** (१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलव्ध गराईको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद्मा परेका महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या एकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहात स्पष्टरूपमा राखुपर्ने छ ।

२३. **पुरस्कार दिन सक्ने** : स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप समितिको सिफारिसमा नगर कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

२४. **वार्षिक प्रतिवेदन** : (१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगर सभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

२५. **प्रशासनिक खर्च व्यवस्थापन**ः समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित न्युनतम प्रशासनिक खर्च नगर कार्यपालिकाले व्यवस्था गर्नेछ |

२६. **अधिकार प्रत्यायोजन** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **नियम बनाउने अधिकार** : नगर कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ ।

आज्ञाले,
तिलोचन रिमाल
अर्जुनधारा नगरपालिकाको
प्रमुख प्रशासकीय अधिकृत